सिकाई क्षेत्र :
भाषा र संचार

# भाषिक प्रकार्य तथा अभिव्यक्तिगत विविधताको प्रस्तुति



## तह ३

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानवश्रोत विकास केन्द्र

# हाम्रो भनाइ

सिकाइ मानव जीवनको अभिन्न अङ्ग हो । औपचारिक शिक्षा प्रणालीको संरचनाभन्दा बाहिर रहेर पनि व्यक्तिले जीवनका लागि आवश्यक ज्ञान र सिप हासिल गरिरहेको हुन्छ । यसरी जीवनपर्यन्त चलिरहने सिकाइलाई अनौपचारिक शिक्षा भनिन्छ । जीवनपर्यन्त अर्थात् आजीवन सिकाइ तोकिएको निश्चित ढाँचा वा पद्धतिमा मात्र सीमित हुँदैन । मानव जीवनमा व्यक्तिले औपचारिक, अनौपचारिक तथा आफू संलग्न रहेको पेसा व्यवसाय वा कार्य अनुभवले विभिन्न किसिमका ज्ञान, सिप र क्षमता आर्जन गरिरहेको हुन्छ । अनौपचारिक माध्यमबाट सिकेका ज्ञान, सिप र क्षमतालाई उपयुक्त प्रणालीमार्फत व्यवस्थित गर्दै लैजानु जरुरी छ ।

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले गरेको व्यवस्थाबमोजिम अनौपचारिक रूपबाट शिक्षा हासिल गरेका तर प्रमाणीकरण हुन नसकेका वा विभिन्न पेसा व्यवसाय गर्दै स्वअध्ययनको माध्यमबाट सिकाइ प्रमाणीकरण गर्न तथा आफ्नो योग्यता बढाउन चाहने व्यक्तिको आवश्यकतालाई दृष्टिगत गर्दै यो सामग्री तयार गरिएको हो ।

यस सामग्रीले भाषा तथा सञ्चार, व्यवहारिक समस्या समाधान, सामाजिक व्यवहार र मूल्यमान्यता, जीवन जगत र प्रविधि तथा स्वास्थ जीवनशैली र सिर्जनशीलतागरी पाँचओटा विषयक्षेत्र समेटेको छ ।

यो सामग्री १५ वर्षमाथिका औपचारिक शिक्षा प्राप्त गर्न वा पूरा गर्न नसकेका अनुभवी सिकारुलाई दृष्टिगत गरी विकास गरिएको छ । यो सामग्री हाललाई परीक्षणका लागि तयार गरिएको हो । आगामी दिनमा सरोकारवालाबाट प्राप्त सल्लाहसुझाव समावेश गर्दै यसलाई अझ परिष्कृत एवम् अद्यावधिक गरिने छ ।

यो सामग्री तयार गर्ने क्रममा सहयोग पुऱ्याउने साझेदार संस्था युनिसफ तथा विश्व शिक्षा, सामग्री लेखन र भाषा सम्पादनमा सहयोग गर्नुहुने विज्ञहरू, चित्र तथा साजसज्जा कार्यमा संलग्न सबैप्रति यो केन्द्र हार्दिक धन्यवाद प्रकट गर्दछ ।

**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**
**सानोठिमी, भक्तपुर**

## परिचय

यस सिकाइ सामग्रीमा भाषिक प्रकार्यको उपयोग तथा अन्तकरक्रियासम्बन्धी आवश्यक विषयवस्तुगत तथा अभ्यास सामग्री समेटिएको छ। यी सामग्रीको अध्ययनबाट सिकारुले मौखिक निर्देशन र उघोष गरेका सूचना बुझेर कार्य गर्न, दैनिक क्रियाकलापसम्बन्धी  साधारण संवाद गर्न, आफ्ना अनुभव र विचारलाई लिखित रूपमा प्रस्तुत गर्न, आफ्ना विचार शुद्धसँग अनुच्छेदमा लेखी व्यक्त गर्न र दैनिक व्यावहारिक जीवनमा प्रयोग हुने सामान्य निवेदन, जन्म मृत्यु दर्ता जस्ता आवेदन फाराम भर्न सक्छन्। सामग्री पढेर अभ्यास गरिसकेपछि मौखिक निर्देशन र उद्घोष गरेका सूचना बुझेर सोअनुसार कार्य गर्न, तोकिएको व्यक्तिसँग सामान्य शब्द प्रयोग गरी साथी वा समूहमा संवाद गर्न, अनुभव तथा तोकिएको व्यक्तिसँग आधारित विषयवस्तुमा सन्दर्भ र परिवेश मिलाएर संवाद गर्न, कुनै शीर्षकमा आफ्ना विचार अनुच्छेदमा लेखेर व्यक्त गर्न, दैनिक र व्यावहारिक जीवनमा प्रयोग हुने साधारण कागजातका बारेमा जानकारी लिन र दिन र दैनिक व्यावहारिक जीवनमा प्रयोग हुने सामान्य कागजातहरू -निवेदन, बैङ्क भौचर, जन्म मृत्यु दर्ता, र बसाइ सराइँका फारामहरू भर्न आफूलाई सक्षम तुल्याउनु आवश्यक छ। यस सिकाइ सामग्रीमा यसै पक्षसँग सम्बन्धित विषयवस्तु समावेश गरिएको छ।

## सक्षमता

भाषिक प्रकार्यको उपयोग तथा अन्तरक्रिया

## सिकाइ उपलब्धि

यस सिकाइ सामग्रीको अध्ययन तथा अभ्यासपछि सिकारु निम्नलिखित कार्यमा सक्षम हुने छन् :

(क) मौखिक निर्देशन र उद्घोष गरेका सूचना बुझेर कार्य गर्न

(ख) दैनिक क्रियाकलापसम्बन्धी साधारण संवाद गर्न

(ग) आफ्ना अनुभव र विचारलाई लिखित रूपमा प्रस्तुत गर्न

(घ) आफ्ना विचार शुद्धसँग अनुच्छेदमा लेखी व्यक्त गर्न र दैनिक व्यावहारिक जीवनमा प्रयोग हुने सामान्य निवेदन, जन्म मृत्यु दर्ता जस्ता आवेदन फाराम भर्न

## पाठहरू

पाठ १: सूचना सम्प्रेषण र बोध

पाठ २: दैनिक जीवनशैली

पाठ ३: अनुभव र विचारको प्रस्तुति

पाठ ४: व्यावहारिक ज्ञान र लेखन

## पूर्व सिकाई परिक्षण

### निम्नलिखित सूचना पढ्नुहोस् र उदाहरण हेरेर के भनिएको हो लेख्नुहोस् :

उदाहरण : सगरमाथा संसारको सबैभन्दा अग्लो हिमाल हो । (संसारको परिचय)

- सगरमाथा नेपालको सोलुखुम्बु जिल्लामा रहेको छ । (................................ )
- सगरमाथाको उचाइ ८८४८.८६ मिटर छ । (................................ )
- सगरमाथाको चुचुरामा सबैभन्दा पहिले पुग्ने व्यक्ति नेपालका तेन्जिङ शेर्पा र न्युजिल्यान्डका एडमान्ड हिलारी हुन् । (................................ )
- विदेशीहरू सगरमाथालाई माउन्ट एभरेस्ट भन्छन् । (................................ )
- सगरमाथाको नजिकै रहेको स्याङ्बोचे गाउँ छ । (................................ )
- सगरमाथाको हिउँ पग्लेर खुम्बु हिमनदी बनेको छ । (................................ )
- सगरमाथा नेपाल र नेपालीको गौरव हो । (................................ )

### तलको अनुच्छेद पढ्नुहोस् र सोधिएका प्रश्नको मौखिक उत्तर दिनुहोस् :

मानिसहरू बचत गर्न चाहन्छन् । बचत भनेको व्यक्तिसँग भएको रकम हो । मानिसले विभिन्न काममा खर्च गर्नुपर्छ तर आवश्यक काममा खर्च गर्न पैसा हुँदैन । यो व्यक्तिसँग बचत नहुनु हो । बचत नहुँदा व्यक्तिलाई पैसाको खाँचो पर्छ । बचत कम हुँदा व्यक्तिलाई पैसाको खाँचो पर्न सक्छ । त्यस्तो बेला व्यक्तिले पैसा सापटी लिन्छ । सापटी पैसालाई ऋण भनिन्छ । व्यक्तिले आफ्नो बचत वित्तीय सङ्घसंस्थामा जम्मा गर्न सक्छ । वित्तीय सङ्घसंस्थाले आफ्नो बचतबाट अरूलाई ऋण दिन्छन् । ऋणको व्याज लिन्छन् ।

### प्रश्न

(क) मानिसले किन बचत गर्नुपर्छ ?
(ख) पैसाको खाँचो पर्दा मानिसले के गर्न सक्छन् ?
(ग) वित्तीय संस्थाले के गर्छन् ?
(घ) आफूले कमाएको पैसा कहाँ कहाँ जम्मा गर्न सकिन्छ होला ?
(ङ) ब्याज भनेको के हो ?

## तलको मनोवाद कसैबाट सुन्नुहोस् र प्रश्नको जवाफ दिनुहोस् :

(सम्झनाकी दिदीलाई हिजो सडकमा हिँड्दाहिँड्दै एउटा गाडीले ठक्कर दियो । उनलाई अहिले अस्पतालमा राखिएको छ । दिदीलाई कुर्न बसेकी सम्झना अनेक कुरा सोच्न थाल्छे ।)

**सम्झना –** (दिदीका छेउमा बसेर) के यस्तो आपत आइपरेको होला ? अब के हुने हो ? (दिदीको टाउकोमा हात राख्दै) अहिलेसम्म होस आएको छैन । यस्तै बेलामा चाहिँ बुबा पनि बाहिर जानुभएको छ ! एउटी आमाले कतितिर भ्याउनुहुन्छ र ? (आत्तिँदै) ओहो ! दिदीलाई केही भइहाल्यो भने...... ! अथवा दिदी हामीलाई छाडेर....! (शान्त हुँदै) छ्या ! मेरो मनमा पनि के के कुराहरू आउँछन् ! के हुन्छ र ! आखिर डाक्टरले पनि त चिन्ता लिनु पर्दैन भनेका छन् त ! डाक्टरले भित्री चोट केही लागेको छैन भन्दाभन्दै अनेकौं चिन्ता लिएर किन आफैँलाई पागल जस्तो बनाउनु ? (ढोकातिर हेर्दै) आमा पनि आइपुग्नु भएन ! आफूसँग पैसा नभएपछि यस्तै हो ! कसैले सहयोग गऱ्यो कि गरेन ? मान्छेको दुःख बुझ्ने मान्छे पाउन असाध्यै गाह्रो रहेछ ! (सम्झिँदै) त्यो गाडी चिन्न पाएको भए पनि त हुन्थ्यो नि ! अब कसरी चिन्नु ? त्यतिबेला कसैले नम्बर पनि त टिपिदिएन होला नि ? यसपालि हाम्रो दशा नै लागेको रहेछ ! अस्ति भरखरै भैंसी मर्नु पाकेटमारले बुबाको पैसा चोरिदिनु, यसै साल दाजु पनि छुट्टिएर बस्नु ! अब के गर्ने होला ? (दिदीको अनुहारमा हेर्दै) हेर ! सारा चोटैचोट छ ! हैन ! ड्राइभर पनि कस्तो रहेछ ! अगाडि मान्छे आएको हेर्नु पर्दैन ? आजभोलिका ड्राइभरहरू पनि कस्तीका छन् र ! दिउँसै रक्सी खाएर गाडी कुदाउन थालेपछि... धन्न पो कुदाउँदै छन् ! (नाक थुन्दै) छि: छि: छि: छि ! यो अस्पतालको दुर्गति देख्दा पनि दिक्क लागेर आउँछ ! दुर्गन्धले गर्दा बसिसक्नु छैन ! यहाँ सद्दे मान्छे आउँदा त बिरामी भएर फर्किन्छ अनि बिरामी झन् कसरी निको हुने ? (दिक्क मान्दै) हाम्रो स्वास्थ्यक्षेत्र त यस्तो छ ! अरूको त के कुरा गर्नु ? सम्झिँदा पनि दिक्क लागेर आउँछ ! (यताउता हेर्दै) खै ! चिनेको मान्छे पनि कोही छैन ! सायद आज राति पनि मैले एक्लै बस्नुपर्ने पो हो कि ! हुनत, यहाँ पनि आफन्तहरू त धेरै छन् नि तर आपत पर्दा सहयोग नगर्ने आफन्तहरूको के गणना भयो र ? 'सम्पत्तिमा सबैको हाइ हाइ बिपत्तिमा कोही छैनन् दाजुभाइ' भनेको ठिकै रहेछ !

(दिदीलाई सुम्सुम्याउन थाल्छे)

**माथिको मनोवाद पढिसकेपछि सम्झनाका ठाउँमा तपाईं भएको भए दिदीलाई ठक्कर दिने गाडीको खोजी कसरी गर्नुहुन्थ्यो र दिनको सजिलो तरिकाले उपचार कसरी गर्नुहुन्थ्यो ? उपाय खोजेर लेख्नुहोस्**

## तपाईंको आफ्नो नाम राखेर तलको फाराम भर्नुहोस् :

### बिदाको निवेदन

मिति:

| | |
|---|---|
| नाम: | कर्मचारी संकेत नम्बर: |
| पद: | |
| शाखा: | |

| माग गरेको बिदामा चिन्ह (✓) लगाउने । | माग गरेको बिदाको किसिम | बिदाको अवधि | | दिन | बिदा लिनुपर्ने कारण | कैफियत |
|---|---|---|---|---|---|---|
| | | देखी | सम्म | | | |
| | भैपरी आउने क्या.बि. | | | | | |
| | पर्व विदा | | | | | |
| | घर बिदा | | | | | |
| | विरामी बिदा | | | | | |
| | प्रसुति स्याहार बिदा | | | | | |
| | प्रसुति बिदा | | | | | |
| | क्रिया बिदा | | | | | |
| | अध्ययन बिदा | | | | | |
| | असाधारण बिदा | | | | | |

| बिदा माग गर्ने कर्मचारीको | बिदा सिफारिस गर्नेको | बिदा स्वीकृत गर्नेको |
|---|---|---|
| दस्तखत: | दस्तखत: | दस्तखत: |
| पद: | पद: | पद: |
| मिति: | मिति: | मिति: |


**आवश्यक भएमा प्रशासन शाखाले भर्ने ।**

निजको बिदा रेकर्ड अनुसार मिति .............................. सम्ममा ..........................................
बिदा ........ दिन संचित रहेको/पहिले नलिएको व्यहोरा अनुरोध छ ।

दस्तखत:
मिति:

# पाठ १

# सुचना सम्प्रेषण र बोध



यो नेपाली शिर उचाली संसारमा लम्किन्छ
जुनकिरीझैँ ज्योति बाली अन्धकारमा चम्किन्छ

चाहे झुकोस् निलो आकाश यो नेपाली झुक्दैन
चाहे रुकोस् चिसो बतास यो नेपाली रुक्दैन

एकातिर तराईको चारकोसे झाडी छ
अर्कोतिर उच्च शिर ठुल्ठुला पहाडी छ

जन्मे यहीँ गौतम बुद्ध शान्तिका अग्रदूत
सगरमाथा विजय गर्ने यही देशका हुन् सपूत ।



## सिकाइ क्रियाकलाप

**तलका शब्द र अर्थको जोडा मिलाउनुहोस् :**

| शब्द | अर्थ |
|---|---|
| शिर | अँध्यारो |
| ज्योति | जित |
| अन्धकार | टाउको |
| अग्रदूत | प्रकाश |
| विजय | योग्य सन्तान |
| सपुत | अगाडि जाने दूत |

**तलका अघिल्लो सन्दर्भ र पछिल्लो सन्दर्भ गीतबाट खोजेर लेख्नुहोस् :**

| **अघिल्लो सन्दर्भ** | **पछिल्लो सन्दर्भ** |
| --- | --- |
| (क) यो नेपाली शिर उचाली | .................................. |
| (ख) जुनकिरीझैँ ज्योति बाली | ................................. |
| (ग) .............................. | यो नेपाली झुक्दैन |
| (घ) .............................. | यो नेपाली रुक्दैन |
| (ङ) एकातिर तराईको | ................................. |
| (च) अर्कोतिर उच्च शिर | ................................ |
| (छ) ............................ | शान्तिका अग्रदूत |
| (झ) ............................ | यही देशका हुन् सपूत । |

**'यो नेपाली शिर उचाली' गीतमा समेटिएका निम्नलिखित सूचनाहरूलाई आधार मानेर एउटा संवाद तयार गर्नुहोस् :**

– नेपाली शिर उचालेर संसारमा चम्कने गर्छ अनि जुनकिरीजस्तै ज्योति बालेर अँध्यारोमा चम्कने गर्छ ।
– निलो आकाश झुके पनि नेपाली झुक्दैन र चिसो बतास रोकिए पनि नेपालीको गति रोकिँदैन ।
– नेपालको एकातिर तराईको चारकोसे झाडी छ भने अर्कोतिर अग्ला अग्ला पहाडहरू छन् ।
– शान्तिका अग्रदूत गौतम बुद्ध यही देशमा जन्मिएका हुन् ।
– पहिलो पटक सगरमाथा आरोहण गर्ने तेन्जिङ नोर्गे शेर्पा पनि यही देशका महान् सपुत हुन् ।

**गीत पढेर उत्तर लेख्नुहोस् :**

(क) नेपाली कसरी अन्धकारमा चम्कन्छ ?
(ख) आकाश झुके पनि नेपाली झुक्दैन भनेको के हो ?
(ग) नेपालका उत्तर र दक्षिणमा के के छन् ?
(घ) सगरमाथा विजय गर्ने सपुत भनेर कसलाई भनिएको हो ?
(ङ) गौतम बुद्धलाई शान्तिका अग्रदूत किन भनिएको होला ?

**यस गीतले भन्न खोजेको मुख्य कुरा के हो ? पाँच वाक्यमा लेख्नुहोस् :**

(क) ..............................................................

(ख) ..............................................................

(ग) ..............................................................

(घ) ..............................................................

(ङ) ..............................................................

**यस गीतको मुख्य भाव केसँग सम्बन्धित छ ?**

(क) देशभक्ति (ख) प्रकृतिप्रेम

**यस गीतमा कति हरफ छन् ? तपाईँलाई अत्यन्त मन परेका कुनै दुई हरफ लेख्नुहोस् :**

..............................................................................................................................

..............................................................................................................................

**तलको अनुच्छेद पढेर सोधिएका प्रश्नहरूको उत्तर लेख्नुहोस् :**

प्रत्येक मानिसको मुख्य चाहना स्वस्थ, सुखी र आनन्दमय जीवन बिताउनु नै हुन्छ । सुखी र आनन्दमय जीवन बिताउनका लागि शारीरिक तथा मानसिक स्वास्थ्यको आवश्यकता पर्छ । यी दुवै पक्षको स्वास्थ्यका लागि नियमित योग साधना सर्वोत्तम सहयोगी माध्यम हुन सक्छ किनभने सुखी जीवनको मुख्य आधार शारीरिक तथा मानसिक स्वास्थ्य हो भने योग ती दुवै स्वास्थ्यको महत्त्वपूर्ण आधार हो । यस अर्थमा मानवजीवनमा स्वास्थ्य र योगका बिच अन्योन्याश्रित सम्बन्ध हुन्छ । त्यसैले नै भनिएको हुनुपर्छ– स्वास्थ्य नै जीवनको धन हो र योग नै स्वास्थ्यका लागि सर्वोचित माध्यम हो । हुन पनि मानवजीवनको सार्थकता उसको शारीरिक तथा मानसिक स्वास्थ्यमा नै निर्भर हुने गर्छ, जसलाई नियमित योगबाट प्राप्त गर्न सकिन्छ । तनको स्वास्थ्य र मनको स्वास्थ्य गरी स्वास्थ्यका दुई प्रकार छन् । तनको स्वास्थ्यले शरीरलाई फुर्तिलो, जाँगरिलो, उत्साही र सुन्दर बनाउँछ भने मनको स्वास्थ्यले भावना, विचार, मन र चेतनालाई उदात्त र सुन्दर बनाउँछ । यी दुवै एकअर्काका परिपूरक हुन्छन् किनभने तनको स्वास्थ्यले मनको स्वास्थ्यको र मनको स्वास्थ्यले तनको स्वास्थ्यको पोषण गरिरहेका हुन्छन् । यी दुवैमध्ये एकमा मात्रै गडबडी भयो भने पनि मानवजीवन असन्तुलित बन्छ । यसलाई सन्तुलनमा राख्ने काम योगसाधनाबाट मात्र सम्भव छ ।

**प्रश्न**

(क) मानिसको मुख्य चाहना के हो ?

(ख) स्वास्थ्य कति प्रकारका हुन्छन् ?

(ग) स्वास्थ्य र योगका बिचमा के कस्तो सम्बन्ध छ ?

(घ) तनको र मनको स्वास्थ्यले के के काम गर्दछन् ?

(ङ) योगसाधनाले मानव शरीरलाई कसरी सन्तुलनमा राख्छ होला ?

**माथिको अनुच्छेदबाट मुख्य मुख्य चारओटा बुँदा टिपोट गरी सङ्क्षेपीकरण गर्नुहोस् ।**



## अन्तरक्रियात्मक क्रियाकलाप

**सहजकर्तासँग अन्तिरक्रिया गरेर एक एक वाक्यमा उत्तर लेख्नुहोस् :**

(क) कति वर्षभन्दा माथिका नागरिकलाई ज्येष्ठ नागरिक भनिन्छ ?

..........................................................................................

(ख) सामूहिक भनेको के हो ?

..........................................................................................

(ग) परिवारमा पुस्तागत सम्बन्ध भन्नाले के बुभिन्छ ?

..........................................................................................

(घ) युवायुवतीहरू कति वर्षपछि विवाह गर्न योग्य मानिन्छन् ?

..........................................................................................

(ङ) नेपाल सरकारले कति प्रकारका नागरिक सुरक्षा भत्ताको व्यवस्था गरेको छ ?

..........................................................................................

**तपाईँको समुदायका कोही कवि वा कविता जान्ने व्यक्तिलाई कवि देवी नेपालको 'हाम्रो गाउँघर' शीर्षकको तलको कविताको लय सोध्नुहोस् र गति, यति र लय मिलाएर गाउने अभ्यास गर्नुहोस् । तपाईँले अभ्यास गरेपछि तपाईँका साथीहरूलाई पनि सुनाउनुहोस् :**



पाखा-गुफा-फाँट कला उमार्ने
रोदी र बेठी मन शान्त पार्ने
थर्किन्छ धर्ती पिपिरी बजेमा
फैलिन्छ सङ्गीत सबै गलामा ।

जाँतो चलाई जब ढल्छ रात
तेर्सिन्छ डोको वन लान्छ साथ
बोकेर भारी कति दाउराको
फोरे नि डल्ला छ त के गुनासो ।

ठेला उठेका करले समाई
जोरिन्छ आगो र दुहिन्छ गाई
पाक्दै छ खोले पर त्यो कुनामा
आमा खुसी छिन् टपरा-दुनामा ।

ती साग-सिस्नो बल हुन् सबैका
पाखा र छाँगा धन हुन् सबैका
झुप्रो छ हेर्दा दरबार झुक्छ
थोत्रो छ भोटो तर स्वर्ण लुक्छ ।

टेकेर काँडा जब दुख्छ पाउ
नौनी लगाए पनि सुक्छ घाउ
आधा छ खाना तर खेद छैन
यौटा छ भाँडो तर भेद छैन ।

**'हाम्रो गाउँघर' कविता लयबद्ध वाचन गरी साथीलाई सुनाएपछि तल दिइएका प्रश्नको एक वाक्यमा उत्तर भन्नुहोस् :**

(क) केले मन शान्त पार्छन् ?
(ख) के गरेर रात ढल्छ ?
(ग) आमा केमा खुसी छिन् ?
(घ) गाउँले जीवनका बल र धन के के हुन् ?
(ङ) 'झुप्रो छ हेर्दा दरबार झुक्छ' भनेको के हो ?

**तपाईं हजुरबुबा बन्नहोस् र तपाईंको साथी वा परिवारको कोही सदस्यलाई रमिला बनाएर तलको संवाद अभिनयसहित पढ्नुहोस् र यसमा भनिएका मुख्य कुरा परिवारका सदस्यलाई सुनाउनुहोस् :**

### सङ्ग्रहालयको भ्रमण

**रमिला** : हेर्नुहोस् त हजुरबुबा, अस्ति किताबमा पढे जस्तै जाँतो ! यसले के काम गर्छ ?

**हजुरबुबा** : यसको मुख्य काम अन्न पिसेर पिठो बनाउने हो । यसले गेडागुडी दलेर दाल पनि बनाउँछ । मानिसहरूको आकर्षण घटेर अचेल यसको प्रयोग बन्द हुँदै गएको छ ।

**रमिला** : अनि पिठो, दाल त आजकल जति पनि पाइन्छन् त । धेरै थरी दाल, गहुँ, मकै, फापर र चामलको पिठो पसलमा पाइन्छ । जाँताको प्रयोग नभएर केबाट आउँछन् त ती कुरा ?

**हजुरबुबा** : मेसिनको आविष्कार भएपछि यसको काम मेसिनले गर्न थालेको छ । मेसिनबाट सबै काम छिटो गर्न सकिन्छ ।

**रमिला** : अनि योचाहिँ ढिकी हैन हजुरबुबा ? अस्ति हजुरले भनेजस्तै यसको काम धान कुटेर चामल बनाउने, चिउरा बनाउने हो नि हजुरबुबा ?

**हजुरबुबा** : स्याबास्, सिकाएका कुरा यसरी सम्झनुपर्छ । हाम्री नातिनी त ज्ञानी बन्दै छिन् है ! अब ढिकी पनि प्रयोग हुन छोडेर सङ्ग्रहालयमा बस्ने भयो ।

**रमिला** : अनि अहिले यसको काम केले गर्छ त ?

**हजुरबुबा** : यसको काम पनि मेसिनले गर्छ । यसको इतिहास पनि जाँताको जस्तै छ । ढिकीको आविष्कार भएपछि मानिसलाई धान, तोरी कुट्न सजिलो भएको थियो । मेसिनको आविष्कार भएपछि धान, चिउरा कुट्ने काम पनि मेसिनले नै गर्न थाल्यो ।

**रमिला** : हजुरबुबा हेर्नुहोस् त ! यो पिङ खेल्ने जस्तो यति ठुलो के हो ?

**हजुरबुबा** : यो कोल हो । यसको काम तोरी पेलेर तेल निकाल्ने थियो । अहिले यसको काम पनि मेसिनले नै गर्न थाल्यो । अनि यता अलि ठुलो आकारको औजार देख्यौ नि, यो पानीघट्ट हो । अब त यो पनि आराम गर्नेमा पुग्यो ।

**रमिला** : पानीघट्टले के काम गर्थ्यो त ? अनि अहिले यसको काम केले गर्छ ?

**हजुरबुबा** : यसको काम पनि अन्न पिसेर पिठो बनाउने नै थियो । यो जाँतोभन्दा छिटो काम गर्ने एक प्रकारको मेसिन हो । आधुनिक मेसिन आएपछि पानीघट्टको काम पनि सकियो ।

**रमिला** : ओहो ! यसरी त पुराना कुरा फेरिँदै जाने, नयाँ आउँदै गर्ने पो हुँदोरहेछ नि हजुरबुबा ?

**हजुरबुबा** : हो नि नानी । विकास भनेको यही हो । पहिले पहिले गाउँघरमा प्रयोग हुने सामान लोप हुँदै गएका छन् । दही जमाउने, मही पार्ने काठका ठेकी, मधानीको प्रयोग पनि कम हुँदै गएको छ । घिउ राख्ने हर्पे, तेल राख्ने चौँठी, गाईभैँसी दुहुने गौवा जस्ता कुरा हराउँदै गए । यहाँ ती लोप भइसकेका र लोप हुन लागेका धेरै औजार राखिएका छन् ।

**रमिला** : अनि यसको नामचाहिँ हलो हैन हजुरबुबा ?

**हजुरबुबा :** हो । यो त्यसैमा प्रयोग हुने जुवा हो । पहाडी र दुर्गम ठाउँमा आज पनि गोरु र राँगाबाट हलो जोतिँदै छ । यसको ठाउँ पनि बिस्तारै ट्याक्टरजस्ता मेसिनले लिँदै गएपछि यसलाई पनि यहाँ सुरक्षित गरिएको हो ।

**रमिला :** त्यसो भए यहाँ राखिएका सबैजसो औजार आधुनिक मेसिन र औजारका हजुरबा हजुरआमा भए हैन हजुरबुबा ?

**हजुरबुबा :** हा हा हा ! कति कुरा जानेकी हाम्री रमिलाले हँ । हो, यी वस्तु आजका मेसिनका पुर्खा हुन् । यी थिए र त आधुनिक मेसिन बनेका हुन् नि ! त्यसैले यिनलाई सङ्ग्रहालयमा सुरक्षित राखिएको हो ।

**रमिला :** ए ! मान्छेका पुर्खाका भने फोटो र मूर्ति बनाएर राखिन्छ हैन हजुरबुबा ?

**हजुरबुबा :** हो नानी हो । ल अबचाहिँ हामी घर जाने ल नानी !

(हजुरबुबा र नातिनी घरतिर लाग्छन् ।)

**माथिको संवाद पढेर के के सिक्नुभयो ? लेख्नुहोस् ।**

**माथिको संवादमा प्रयोग भएका तलका प्राविधिक शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् :**

सङ्ग्रहालय : ..........................................................................................

आविष्कार : ..........................................................................................

मेसिन : ..........................................................................................

पानीघट्ट : ..........................................................................................

औजार : ..........................................................................................

**माथिको संवादका आधारमा पुराना वस्तुहरू र नयाँ औजारहरूको सूची बनाउनुहोस् :**

| सङ्ग्रहालयमा पुगेका पुराना वस्तुहरू | थपिएका नयाँ मेसिन/औजारहरू |
|---|---|
| | |
| | |
| | |
| | |
| | |

**'सगरमाथा नेपाल र नेपालीको गौरव हो' भन्ने विषयमा दुई जनाबिचमा गरिने संवादको ढाँचा प्रस्तुत गर्नुहोस् ।**

| |
|---|
| ................................................................................................ |
| ................................................................................................ |
| ................................................................................................ |
| ................................................................................................ |

**सगरमाथा विश्वको सबैभन्दा अग्लो हिमाल हो, यसरी नै विश्वका दशओटा अग्ला हिमालका बारेमा आफूले चिनेका कुनै अग्रजहरूसँग अन्तरक्रिया गरी थप जानकारी लिनुहोस् ।**

**सगरमाथा जस्तै नेपालको गौरव बढाउने अरू कुनै तीनओटा कुराका बारेमा सहजकर्तासँग अन्तरक्रिया गरी जानकारी लिनुहोस् ।**



## खोज क्रियाकलाप

**दैनिक घरायसी कामहरूको चित्रण गरिएको कुनै वृत्तचित्र वा चलचित्र हेर्नुहोस् अथवा सामाजिक सञ्जालमा रहेका त्यससम्बन्धी छोटा भिडियो हेर्नुहोस् र आफू दैनिक गर्ने कामहरूसँग तुलना गरेर उत्तर लेख्नुहोस् :**

(क) तपाईंले बिहानदेखि बेलुकासम्म गर्ने कुनै दशओटा काम के के हुन् ?

..............................................................................................................

(ख) तपाईंले चिया पकाउनुपर्‍यो भने के के गर्नुहुन्छ ? क्रमशः लेख्नुहोस् ।

..............................................................................................................

(ग) 'साँझ पर्‍यो' भन्दा कसले के बुझ्छ ? फरक फरक अर्थ लेख्नुहोस्

विद्यार्थीले : ..................................................

बटुवाले : ..................................................

गृहिणीले : ..................................................

तपस्वीले : ..................................................

गोठालाले : ..................................................

**सनातन परम्परामा चार आश्रमको वर्ष विभाजन कसरी गरिएको छ ? जान्नेहरूसँग छलफल गरी लेख्नुहोस् :**

ब्रह्मचर्याश्रम : ........... वर्षदेखि ................... वर्षसम्म

गृहस्थाश्रम : ........... वर्षदेखि ................... वर्षसम्म

वानप्रस्थाश्रम : ........... वर्षदेखि ................... वर्षसम्म

सन्यासाश्रम : ........... वर्षदेखि ................... वर्षसम्म



## अभ्यास क्रियाकलाप

**तलको कथा पढ्नुहोस् र सोधिएका प्रश्नको उत्तर दिनुहोस् :**

एउटा सुशान्त गाउँ थियो । त्यसको त्यत्ति धेरै प्रचार प्रसार भएको थिएन । त्यहाँ हर्कलाल मेचेको घर थियो । उनलाई सबैले हर्कलाल काका भन्थे । उनी हरेक कुरामा अभिरुचि राख्थे । स्वदेश र विदेशका बारेमा पनि जानकार थिए । उनी मध्यमवर्गीय नागरिक हुन् । उनी स्वाभिमानी व्यक्तित्व हुन् । उनी हँसिलो, रसिलो र मिजासिलो स्वभावका थिए । धीरता, गाम्भीर्य र इमानदारी उनको चिनारी थियो । उनी देशभक्त थिए । समाजसेवी थिए । प्रकृतिप्रेमी थिए । कहिले रोगग्रस्तलाई औषधि गर्ने पैसा दिन्थे । कहिले भूकम्पपीडित र बाढीपीडितलाई सहयोग गर्थे । जीवनका लागि उपयोगी काममा सहयोग गर्नुपर्छ भन्ने उनको मान्यता थियो । गाउँ गाउँमा विद्यालय खोल्नुपर्छ भन्दा उनी फटाफट अघि सरिहाल्थे । ठाउँ ठाउँमा धर्मशाला, पाटीपौवा बनाउने कुरा सुन्दा उनी जर्याकजुरुक उठ्थे । छरछिमेकमा घर घरमा गएर ऐँचोपैँचो सरसहयोग आदिको महत्त्व बुझाउँथे । हरेक विषयलाई हेर्ने उनको आफ्नै दृष्टिकोण थियो ।

एकदिन हर्कलाल काकाका घरमा गाउँका केही युवाहरू आए । उनीहरू गाउँमा पौडीपोखरी (स्विमिङपुल) बनाउन चन्दा उठाउन आएका थिए । उनीहरूले काकासँग चन्दा मागे । काकाले स्विमिङपुलले गाउँलाई के फाइदा हुन्छ भन्नेबारेमा सोधे । युवाहरूले रमाइलोका लागिबाहेक अरू महत्वबोध गराउन सकेनन् । त्यसपछि “ठिकै छ, आइहालेछौ, तिमीहरूलाई रित्तो हात पठाउनु त भएन नि !” भन्दै काका घरभित्र पसे । युवाहरू राम्रै चन्दा पाइने भयो भनेर खुसी भए । काका दुई हातमा दुई बाल्टी पानी लिएर बाहिर आए र युवालाई भने, “लौ, यो मेरो तर्फबाट सहयोग हो । स्विमिङपुलका लागि पानीभन्दा ठुलो अर्को चन्दा के होला र ?” युवाहरू तीनछक्क परे ।

**प्रश्न**

क) माथिको कथामा प्रयोग भएका सुशान्त, प्रचार, अभिरुचि जस्ता शब्दहरू उपसर्ग लागेर बनेका हुन्, पाठबाट अरू दुईओटा त्यस्तै शब्दहरू टिप्नुहोस् :

.................................... ..................................................

(ख) माथिको कथामा प्रयोग भएका वर्गीय, नागरिक, व्यक्तित्व जस्ता शब्दहरू प्रत्यय लागेर बनेका हुन्, पाठबाट अरू दुईओटा त्यस्तै शब्दहरू टिप्नुहोस् :

.................................... ..................................................

(ग) माथिको कथामा प्रयोग भएका देशभक्त, समाजसेवी, भूकम्पपीडित जस्ता शब्दहरू समासबाट बनेका हुन्, पाठबाट अरू दुईओटा त्यस्तै शब्दहरू टिप्नुहोस् :

.................................... ..................................................

(घ) माथिको कथामा प्रयोग भएका घर घर, छरछिमेक, ऐँचोपैँचो जस्ता शब्दहरू द्वित्व प्रक्रियाबाट बनेका हुन्, पाठबाट अरू दुईओटा त्यस्तै शब्दहरू टिप्नुहोस् :

.................................... ..................................................

## जानिराख्नुहोस् :

१. मूल शब्दको अगाडि जोडिएर नयाँ शब्द निर्माण गर्ने प्र, परा, अप, सम् आदि सर्गहरूलाई उपसर्ग भनिन्छ ।
जस्तै : प्र+चार = प्रचार ।

२. मूल शब्दको पछाडि जोडिएर आउने ई, ऐलु, तव्य, आवट आदि सर्गहरूलाई प्रत्यय भनिन्छ ।
जस्तै : धन+ई = धनी ।

३. दुई वा सोभन्दा बढी शब्द जोडिएर एउटै शब्द बन्ने प्रक्रियालाई समास भनिन्छ ।
जस्तै : देशको भक्त = देशभक्त ।

४. मूल शब्द दोहोरिएर आउने प्रक्रियालाई द्वित्व भनिन्छ ।
जस्तै : घर+घर = घर घर ।

**उदाहरण हेर्नुहोस् र सहपाठीहरूसँग अन्तरक्रिया गरी अन्य शब्दको बनोट प्रक्रिया पत्ता लगाई लेख्नुहोस् :**

**(क) सुशान्त : सु+शान्त** प्रचार : .........................

अभिरुचि : ....................... विदेश : ..........................

**(ख) वर्गीय : वर्ग+ईय** नागरिक : ......................

हँसिलो : ........................ गाम्भीर्य : ........................

**(ग) देशभक्त : देशको भक्त** प्रकृतिप्रेमी : ......................

रोगग्रस्त : ................... पौडीपोखरी : .....................

**(घ) गाउ गाउँ : गाउँ+गाउँ** फटाफट : ......................

जऱ्याकजुरुक : ................... ऐँचोपैँचो : .........................

**तलको अनुच्छेद पढ्नुहोस् र सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :**

नेपाल र नेपालीको इतिहास धेरै कुराले गर्व गर्नयोग्य छ । हामीसँग गर्व गर्नयोग्य इतिहास छ । गर्व गर्नयोग्य ऐतिहासिक तथा सांस्कृतिक धरोहर छन् । नेपाल प्राचीन कालदेखि नै सुन्दर कलाकारिता र बहुसांस्कृतिक देशका रूपमा प्रसिद्ध छ । काठमाडौँको हनुमान ढोकामा रहेको दरबार स्क्वायर र स्वयम्भूमा रहेको बौद्धस्तूप, महाङ्कालमा रहेको बौद्धनाथ, सिफलमा रहेको पशुपतिनाथको मन्दिर, पाटनढोकामा रहेको दरबार स्क्वायर, कृष्णमन्दिर, भक्तपुरको दरबार स्क्वायर र चाँगुनारायण मन्दिर, गोर्खा जिल्लामा रहेको गोरखा दरबार, पाल्पामा रहेको रानी दरबार, काभ्रे पलान्चोकमा रहेको पलान्चोक भगवतीको मन्दिर, जनकपुरमा रहेको रामसीताको नौलखा मन्दिर, लुम्बिनीमा रहेको बुद्धभूमि र अशोकस्तम्भ, पाल्पा र गुल्मीको सिमानामा रहेको ऋषिकेश मन्दिरलगायतका कला र तिनका कालिगढी हाम्रा ऐतिहासिक धरोहर हुन् । यी कला र कालिगढी हामी नेपालीका लागि मात्र नभई विश्वकै लागि मूल्यवान् सम्पदा मानिन्छन् । यिनको धार्मिक, सांस्कृतिक तथा कलात्मक महत्त्व रहेको छ । यीमध्ये कति त विश्व-सम्पदासूचीमा सूचीकृतसमेत रहेका छन् । यिनले नेपाल र नेपालीको शिर उठाउने काम गरेका छन् ।

**प्रश्न**

(क) नेपाल र नेपालीको इतिहास कस्तो छ ?
(ख) नेपाल कस्तो देशका रूपमा प्रसिद्ध छ ?
(ग) माथिको अनुच्छेदमा कतिओटा राष्ट्रिय सम्पदाको उल्लेख गरिएको छ ?
(घ) राष्ट्रिय सम्पदाले के काम गरेका छन् ?
(ङ) 'कला र कालिगढी' भनेको के हो ?

**माथिको अनुच्छेदमा रहेको सूचनाका आधारमा राष्ट्रिय सम्पदाहरूको टिपोट गर्नुहोस् :**

काठमाडौँमा रहेका सम्पदा : ..........................................................

..........................................................................................

ललितपुरमा रहेका सम्पदा : ..........................................................

..........................................................................................

भक्तपुरमा रहेका सम्पदा : ..........................................................

..........................................................................................

काठमाडौँ उपत्यकाबाहिर रहेका सम्पदा : ..............................................

..........................................................................................

..........................................................................................

**तलका शब्दहरूसँग मिलाएर 'हाम्रो कर्तव्य' शीर्षकमा एउटा कविता लेख्नुहोस् :**


**हाम्रो कर्तव्य**

सधैँभरि पौरख, गर्नुपर्छ हामीले
................. छर्नुपर्छ हामीले
............... पर्नु हुन्न कहिल्यै
............... सर्नु हुन्न कहिल्यै ।

.................सधैँ भर पर्दछन्
................राम्रो काम गर्दछन्
.............. आशा मार्नु हुन्न है
............. निराश पार्नु हुन्न है ।

............... एकतामा शक्ति छ
............... साथी राष्ट्रभक्ति छ
............... आफूलाई चिन्नु छ
............... सही बाटो हिँड्नु छ ।

**तलका शब्दहरूसँग मिलाएर 'हाम्रो कर्तव्य' शीर्षकमा एउटा कविता लेख्नुहोस् :**



..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

**तलका कविता पढ्नुहोस् र नाम, सर्वनाम, विशेषण र क्रियापद चिन्नुहोस् :**

(क) **राम, श्याम, सीता, गीता, पोखरा**मा पुगेछन्
**फेवाताल**भित्र खेल्ने **माछापुच्छ्रे** देखेछन्
**हिमाल** हो कि **माछा** हो त्यो ? **किताब**मा पढौँ न
**पानी**भित्र **रै**'छ **चित्र तलाउ**मा पसौँ न ।

यस कवितामा **गाढा अक्षर**मा लेखिएका सबै शब्दहरू **नाम** हुन् ।

(ख) '**म** हुँ भन्ने घमन्डीले '**तँ** भन्दछ सबैलाई
**तिमी, तपाईं, हजुर** भनी बोलाउदैन **कसै**लाई
**आफू** मात्र ठुलो भन्ने भावनाले बिगार्छ
**हामी** भन्ने भाव बोके **उसैलाई** सपार्छ ।

यस कवितामा **गाढा अक्षर**मा लेखिएका सबै शब्दहरू **सर्वनाम** हुन् ।

(ग) **ठुलो** मान्छे बन्ने होइन, **असल** मान्छे बन्नु छ
**अग्ला** पाखापखेरामा **नयाँ** बाटो खन्नु छ
**काला, गोरा, अग्ला, होचा एकै** ठाउँ बसौँ न
**सुन्दर** देश बनाउनु छ आजै कम्मर कसौँ न ।

यस कवितामा **गाढा अक्षर**मा लेखिएका सबै शब्दहरू **विशेषण** हुन् ।

(घ) साथीहरू **आए,** भकुन्डो **खेलाए**
मुरली **बजाए** अनि गीत **गाए**
त्यो पुतली **हाँस्यो** अनि टिकी **टाँस्यो**
उता भाले **बास्यो,** फूलमाला **गाँस्यो ।**

यस कवितामा **गाढा अक्षर**मा लेखिएका सबै शब्दहरू **क्रियापद** हुन् ।

**'हाम्रो गाउँघर' कविताका तलका शब्दका साथमा उही अर्थ दिने (पर्यायवाची) अर्को शब्द लेख्नुहोस् :**

| | |
|---|---|
| पाखा– पखेरा | धर्ती : पृथ्वी |
| रात : .......................... | वन : .......................... |
| कर : .......................... | आगो : .......................... |
| गाई : .......................... | आमा : .......................... |
| पाउ : .......................... | घाउ : .......................... |
| खाना : .......................... | भाँडो : .......................... |
| बल : .......................... | स्वर्ण : .......................... |

**'हाम्रो गाउँघर' कविताका तलका शब्दका साथमा उल्टो अर्थ दिने (विपरीतार्थक) शब्दलेख्नुहोस् :**

धर्ती : आकाश          रात : दिन

वन : ..........................          आगो : ..........................

पाउ : ..........................          बल : ..........................

शान्त : ..........................          खुसी : ..........................

आधा : ..........................          सबै : ..........................

**जान्नेलाई सोधेर फूल-फुल, दाइ-दाइँ जस्ता उस्तै सुनिने तर भिन्न अर्थ दिने (श्रुतिसमभिन्नार्थक) चार चारओटा शब्द लेख्नुहोस् :**

............. – .............          ............. – .............

............. – .............          ............. – .............



## अनुभवमा आधारित क्रियाकलाप

**तपाईंको गाउँको कुनै सहकारी तथा उपभोक्ता समितिको साधारण सभा हुँदा तपाईंलाई स्वागत गर्ने जिम्मेवारी दिइयो भने तपाईं कसरी स्वागत गर्नुहुन्छ ? अभिनयसहित मन्तव्य प्रस्तुत गरेर देखाउनुहोस् ।**

**तपाईंले खाना तयार गर्नुभयो र खाना खाने बेला भयो । हजुरबुबा आँगनमा घाम ताप्दै हुनुहुन्छ, श्रीमान् बारीमा काम गर्दै हुनुहुन्छ, छोराछोरी पल्लो कोठामा पढ्दै छन्, तपाईंको भाइ पाहुना आउनुभएको छ । अब सबैलाई खाना खानका लागि एक एक गरी बोलाउनुपर्दा तपाईं कसरी बोलाउनुहुन्छ ? अभिनयसहित देखाउनुहोस् ।**



## स्वप्रेरित क्रियाकलाप

नजिकको पुस्तकालयमा जानुहोस्, तलको पुस्तक खोज्नुहोस् र त्यसभित्र रहेको 'कर्तव्य' शीर्षकको कथा पढ्नुहोस् :

लेखक : गुरुप्रसाद मैनाली

कृति : नासो (कथासङ्ग्रह)

प्रकाशक : साझा प्रकाशन, ललितपुर ।

# पाठ २


# दैनिक जीवनशैली

**तलको जीवनी पढेर परिवारका कसैलाई सुनाउनुहोस् :**

## आँखाका ज्योति सन्दुक रुइत

गौतम बुद्ध नेपालको लुम्बिनीमा जन्मिए र सबैतिर चिनिए । जयपृथ्वीबहादुर सिंह बझाङमा जन्मिए र विश्वप्रसिद्ध भए । सीता र भृकुटी यहीँ जन्मिए र देशलाई चिनाए । अरनिको नेपालमै जन्मिए र प्रख्यात कलाकार बने । मान्छे प्रसिद्ध हुने ठाउँले होइन, जन्मले पनि होइन, कामले हो । यस्ता व्यक्तिले देशलाई पनि चिनाउँछन् र आफू पनि चिनिन्छन् । नेपाल आमाका त्यस्ता महान् सन्तानहरूमध्येका एक हुन्, डा. सन्दुक रुइत ।

सन्दुक रुइत चिकित्सक हुन् । उनले दृष्टिचिकित्साका क्षेत्रमा विश्वमा एउटा क्रान्ति नै ल्याइदिएका छन् । उनको जन्म वि.सं. २०११ भदौ १९ गते ताप्लेजुङ जिल्लाको ओलाङचुङगोलामा भएको हो त्यो ठाउँ दुर्गम मानिन्छ । उनका बुबाको नाम सोनाम रुइत र आमाको नाम केसाङ लामा रुइत हो । रुइत जन्मिएको गाउँमा कुनै विद्यालय थिएन । उनका बुबाको इच्छा छोरालाई राम्रो शिक्षा दिने थियो । त्यसैले बुबाले सन्दुकलाई पढाउन भारतको दार्जिलिङ लिएर गए । त्यति बेला बाटोघाटो र यातायातको व्यवस्था थिएन ।



बालक रुइतले पन्ध्र दिनको पैदल यात्रा गरे । पहाडै पहाडको बाटो हिँड्दै र ओडारमा बस्दै उनी दार्जिलिङ पुगे । त्यहाँ केही वर्ष पढेपछि उनी काठमाडौँ गए । काठमाडौँमा उनले सिद्धार्थ वनस्थली स्कुलमा पढे । त्यहाँबाट उनले २०२५ सालमा एस.एल.सी. परीक्षा उत्तीर्ण गरे । यसपछि त्रिचन्द्र कलेजबाट उनले आई.एस्सी पूरा गरे ।

डाक्टर बन्ने सपना बोकेका रुइत २०२९ सालमा भारत गए । उनले भारतको लखनउबाट एम.बी.बी.एस. उत्तीर्ण गरे । यसपछि नेपाल आएर उनी स्वास्थ्यसेवामा समर्पित भए । सुरुमा जनरल फिजिसियन बनेका रुइतले आँखाका रोगीको समस्या देखे । उनी आँखाको उपचारसम्बन्धी अध्ययन गर्न लागे । यसै क्रममा उनले भारतबाट एम.डी. गरे । अस्ट्रेलिया गएर आँखा विशेषज्ञ बनी फर्किए । यसपछि नेपालीहरूको आँखाको ज्योति बन्ने उनको बाटो खुल्यो । उनको यो यात्रा त्रिपुरेश्वर आँखा अस्पतालबाट सुरु भयो ।

रुइतले हजारौँ नेपालीका आँखाको उपचार गरे । सयौँ दृष्टि गुमेकाहरूलाई दृष्टि दिए । उनले तिलगङ्गा आँखा अस्पतालको स्थापना गरे । आँखासम्बन्धी रोगको उपचारका लागि नयाँ नयाँ प्रविधिको विकास गरे । उनले मोतीबिन्दुको उपचारका लागि नयाँ पद्धतिको विकास गरे । त्यसलाई 'रुइते क्टोमी' पद्धति भनिन्छ । यस पद्धतिलाई विश्वका असीभन्दा बढी देशहरूले प्रयोगमा ल्याएका छन् । उनले आँखाको शल्यक्रिया गर्ने नयाँ पद्धतिको विकास गरे । उनले आँखामा राख्न मिल्ने नयाँ लेन्स बनाए । यसलाई 'इन्ट्राओकुलर लेन्स' भनिन्छ । यसपछि त रुइत नेपालका मात्र होइन, विश्वकै आँखाका ज्योति बने ।

सन्दुकको जीवन निरन्तर नयाँ अनुसन्धान र आविष्कारमा समर्पित छ । उनको योगदानको चर्चा विश्वभर हुन थालेको छ । इटालियन निर्देशकले उनको जीवनीमा आधारित 'आउट अफ डार्कनेस' नामक वृत्तचित्र पनि बनाएका छन् । उनका विषयमा विभिन्न किताबहरू पनि लेखिएका छन् । अमेरिकाबाट प्रकाशन हुने न्युयोर्क टाइम्स पत्रिकाले 'आँखा नदेख्नेलाई पाँच मिनेटमै आँखा देखाउने डाक्टर' भनी समाचार पनि छापेको थियो । रुइतले २०६३ सालमा एसियाको नोबेल पुरस्कार मानिने म्यागासेसे पुरस्कार पाए । उनलाई अस्ट्रेलिया सरकारले 'अर्डर अफ अस्ट्रेलिया' उपाधि प्रदान गरेको छ । भारत सरकारले पद्‌मश्री पुरस्कार प्रदान गरेको छ । नेपाल सरकारबाट उनी 'उज्ज्वल कीर्तिमय राष्ट्रदीप' पदकबाट पनि विभूषित छन् । उनले सन् २०२३ मा बहराइनबाट प्रदान गरिने दश लाख डलर (तेह्र करोड नेपाली रुपियाँ) को 'इसा पुरस्कार'समेत प्राप्त गरेका छन् । उनले यस्तो विश्वकै ठुलो पुरस्कारका साथै दर्जनौँ अन्य सम्मान तथा पुरस्कार पाएका छन् ।

अहिले रुइत विश्वभरका आँखारोगीका आशाका केन्द्र बनेका छन् । हजारौँ दृष्टिविहीनहरूका लागि दृष्टिदाता बनेका छन् । संसारलाई उज्यालो दिने चम्किलो सूर्य बनेका छन् । कहिल्यै संसार नदेखेकाहरूले आँखा देख्न पाउँदा उनलाई अगाडि भगवान् उभिएको अनुभव गर्ने गरेका छन् । कतिपय भक्कानिएर अँगालो हाल्न आउँछन् । कतिपय उनलाई भगवान् सम्झेर गोडामै ढोगुँला जस्तो गर्छन् । एउटा व्यक्तिका लागि यसभन्दा ठुलो सफलता अर्को के होला र ?

मानवताको रक्षा रुइतको पहिलो लक्ष्य हो । पछिल्लो समयमा कोभिडका कारण विश्व त्रसित बन्यो । यसले मानवमा दृष्टिविहीनता र अल्पदृष्टिको समस्या उत्पन्न हुन थाल्यो । यस्तो बेलामा रुइत विश्वका विभिन्न मुलुकसँग सहकार्य गर्दै मानवकल्याणका लागि समर्पित भए ।

त्यसैले विदेश जाँदा मात्र प्रगति हुन्छ भन्नेहरूले रुइतको जीवनी पढ्नुपर्छ । सफलता के हो थाहा पाउन रुइतलाई बुझ्नुपर्छ । के गर्दा मान्छे लोकप्रिय हुन्छ भन्ने कुरा थाहा पाउन रुइतलाई हेर्नुपर्छ । सन्दुक रुइत सबैका आँखाका ज्योति हुन् । मानवसेवाका उदाहरण हुन् । हरेक व्यक्तिका लागि प्रेरणाका स्रोत हुन् । नेपाल र नेपालीका उच्च गौरव हुन् ।



## सिकाइ क्रियाकलाप

**पाठमा नाम उल्लेख भएका निम्नलिखित व्यक्तित्वहरूका बारेमा तपाईंलाई के थाहा छ ? सहपाठीहरूसँग छलफल गर्नुहोस् र सहजकर्ताबाट थप जानकारी लिनुहोस् :**

(क) गौतम बुद्ध




ख) जयपृथ्वीबहादुर सिंह



ग) सीता



(घ) भृकुटी



(ङ) अरनिको



## ठिक बेठिक छुट्याउनुहोस् :

(क) रुइतको जन्म २०११ भदौ १९ गते ताप्लेजुङको ओलाङ्चुङगोलामा भएको हो । (  )

(ख) रुइत मुटुसम्बन्धी डाक्टर हुन् । (  )

(ग) 'रुइतेक्टोमी' क्यान्सर निको पार्ने उपचार पद्धति हो । (  )

(घ) 'आउट अफ डार्कनेस' सन्दुक रुइतको जीवनीमा आधारित वृत्तचित्र हो । (  )

(ङ) रुइतले सन् २०२३ मा तेह्र करोड नेपाली रुपियाँको 'इसा पुरस्कार' प्राप्त गरे । (  )

## जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| सन्दुक रुइतको जन्म | मोतीबिन्दुको उपचार गर्ने पद्धति |
| रुइतेक्टोमी | आँखामा राख्न मिल्ने लेन्स |
| इन्ट्राओकुलर लेन्स | ताप्लेजुङको ओलाङ्चुङगोला |
| आउट अफ डार्कनेस | दश लाख डलर (तेह्र करोड नेपाली रुपियाँ) |
| पाँच मिनेटमै आँखा देखाउने डाक्टर | इटालीमा बनेको वृत्तचित्र |
| इसा पुरस्कार | न्युयोर्क टाइम्सको समाचार |

**डा. सन्दुक रुइतले पढाइका लागि गर्नुपरेको सङ्घर्षका बारेमा पाँच वाक्यमा लेख्नुहोस् :**

(क) ..........................................................................................

(ख) ..........................................................................................

(ग) ..........................................................................................

(घ) ..........................................................................................

(ङ) ..........................................................................................



## अन्तरक्रियात्मक क्रियाकलाप

**छोरा र श्रीमान्‌ले विदेशबाट पठाएको पैसामा मख्ख परेर आफ्‌नो सिपको प्रयोग नगर्ने व्यक्तिहरू तपाईंको समाजमा पनि छन् होला । छन् भने उनीहरूको सोचका बारेमा आफ्‌नो विचार प्रस्तुत गर्नुहोस् ।**

**आधुनिक बनीबनाउ कपडाको आयातले गर्दा लामो समयदेखि चल्दै आएका गाउँले सिलाइ सिपहरू अहिले मर्दै गएका हुन् त ? आफ्‌नो अनुभव प्रस्तुत गर्नुहोस् ।**

**तपाईं र तपाईंका साथी एक ठाउँमा बस्नुहोस् र आफ्‌नो जीवनशैलीका बारेमा अन्तरक्रियात्मक समीक्षा गर्नुहोस् ।**

**जान्नेलाई सोधेर तलका वाक्यलाई इच्छा अर्थ बुझाउने वाक्यमा परिवर्तन गर्नुहोस् र सहजकर्तालाई देखाउनुहोस् :**

> **उदाहरण : एकवाल विद्यालय जान्छ ।**
> **एकवाल विद्यालय जाओस् ।**

(क) भाइ गीत गाउँछ ।

..............................................................

(ख) उनीहरू आज आउँछन् ।

..............................................................

(ग) बुबा 'मुनामदन' पढ्नुहुन्छ ।


........................................................

(घ) म सफल हुन्छु ।

........................................................

## खोज क्रियाकलाप

**तलको चित्र हेर्नुहोस्, बुझ्नुहोस् र सिर्जना भनेको के हो ? पत्ता लगाएर एक अनुच्छेदमा लेख्नुहोस् :**




........................................................................................................

........................................................................................................

........................................................................................................

........................................................................................................

**तपाईंको मोबाइलको प्लेस्टोरमा गएर खोज्दा 'प्रज्ञा नेपाली बृहत् शब्दकोश' भेटिन्छ । त्यसलाई डाउनलोड गरेर राख्नुहोस् र उक्त शब्दकोश हेरेर माथिको संवादमा प्रयोग भएका तलका शब्दहरू तत्सम, तद्भव र आगन्तुक कुन स्रोतका हुन् ? पत्ता लगाएर लेख्नुहोस् :**

जीवन : ............................................

वर्ष : ............................................

शिक्षा : ............................................

सिप : ............................................

फूल : ............................................

गाउँ : ............................................

ब्रिटिस : ............................................

आर्मी : ............................................

रेडिमेट : ............................................



## अभ्यास क्रियाकलाप

**तलको अनुच्छेद पढ्नुहोस् र गाढा अक्षरका शब्दमा ध्यान दिनुहोस् :**

भाइले बहिनीलाई अचारको पित्को दियो । बहिनीले उसलाई केराको कोसो दिई । त्यही बेलामा आमा काँक्राका चिरा लिएर आउनुभयो । दुवै आमातिर दौडिए । आमाले भन्नुभयो, "तिमीहरू पहिले काँक्रा खाओ अनि म एक एक केस्रा सुन्तला दिन्छु ।" भाइले सोध्यो, "आँप पनि छ होइन आमा ?" आमासँग एउटा दानो आँप पनि थियो, एक ठुन्को तरुल पनि थियो । उहाँले भन्नुभयो, "सबै कुरा एकै पटक खाने हो त ? तिमीहरू त माटाका डल्ला जस्ता छौ, सुक्न दियो भने फुटाउनै गाह्रो ! धागाको सरो जस्ता छौ, मिलाएर फुकाउनै गाह्रो ! पहिले म एक झप्को निद्रा सुत्छु अनि उठेर केही दिउँला है !" आमा सुत्न जानुभयो, भाइबहिनी काँक्रा खान थाले ।

### जानिराख्नुहोस् :

माथिको अनुच्छेदमा गाढा अक्षरमा लेखिएका शब्दले वस्तुको सानो रूपलाई बुझाएका छन् । यस्ता शब्दलाई लघुतावाचक शब्द भनिन्छ ।

**मिल्ने लघुतावाचक शब्दसँग जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| सुपारी | चोक्टो |
| पान | गेडो |
| मासु | कुड्को |
| चामल | खिली |
| पराल | तुर्को |
| लसुन | ढिको |
| तेल | पोटी |
| नुन | त्यान्द्रो |

**तलको अनुच्छेद जस्ताको तस्तै कापीमा सार्नुहोस् :**

आमाले भन्नुभयो, "बिरालो त यही पो रहेछ । ल सुरी, यो दुध हेर्दै गर्नू है ! म एकछिनमा आउँछु नि !" बिरालो छेउमा बस्यो र दुध रुँग्न थाल्यो । जब दुधको बास्ना आयो तब उसलाई खाऊँ खाऊँ लाग्यो । बिरालोले यताउता हेर्‍यो अनि दुध स्वाट्ट पार्‍यो । त्यति बेलै आमा आइपुग्नुभयो र भन्नुभयो, "ओहो ! बिरालोले त खत्तम गरेछ नि ! हरे ! यसलाई दुध रुँग्न लगाउँदा कहाँ हुन्छ त ? छ्या ! पर जा ।" बिरालो झ्यालबाट फुत्त भाग्यो ।

**कथाकार रत्न प्रजापतिको 'पैसा फल्ने रुख' शीर्षकको तलको कथा पढ्नुहोस् र सोधिएका प्रश्नको उत्तर दिनुहोस् :**

किशोर स्कुलबाट फर्क्यो । उसले पिँढीमा झोला राख्यो । आमाछेउ गएर भन्यो, "आमा, दश रुपियाँ दिनुस् न ।" आमा काममा व्यस्त हुनुहुन्थ्यो । उहाँ काँचो र पाकेको आँपलाई छुट्याउँदै हुनुहुन्थ्यो । उहाँले किशोरको कुरामा ध्यान दिनु भएन । आफ्नै सुरमा काम गरिरहनुभयो ।

किशोरले चिच्याएर भन्यो, "आमा, दश रुपियाँ दिनुस् न भन्या ।"

किशोर चिच्याएको आमाले सुन्नुभयो । किशोरले घर आउनासाथ पैसा मागेको उहाँलाई मन परेन । त्यसैले भन्नुभयो, "कहाँ पाएर दिनु ? छैन मसँग पैसासैसा ।"

"नाइँ, दिनुस् न क्या । म छुर्पी किनेर खान्छु ।" किशोरले जिद्दी गर्‍यो ।

"रुखमा फल्छ र पैसा ! तिमीले भन्नेबित्तिकै टिपेर दिनलाई ?" आमाको चित्त अझै दुखेकै थियो । उहाँले पैसा दिन खोज्नु भएन । एकसुरले आफ्नै काममा लाग्नुभयो । उहाँलाई भोलि बिहानै एक डोको आँप बजार पुऱ्याउने चिन्ता थियो ।

आमाले पैसा नदिएपछि किशोर रुन थाल्यो । उसले आमाले छुट्याएको पाकेको र काँचो आँप एकै ठाउँमा मिसाइदियो त्यो देखेर आमालाई झन् चित्त दुख्यो । त्यही बेलामा किशोरका बुबा टुप्लुक्क आइपुग्नुभयो ।

आमाछोरा नबोली बसेको देखेर बुबाले सोध्नुभयो, "के भयो बाबु ?"

किशोरले आमातिर देखाएर भन्यो, "आमाले पैसा दिनु भएन ।"

पाकेको आँपको दाना टोकरीमा राख्दै आमाले भन्नुभयो, "जति खेर पनि पैसै मात्र माग्छ यसले । रुखमा फल्छ र पैसा !"

बुबाले कुरो बुझ्नुभयो । एक छिन सोचेर मुसुक्क हाँस्दै भन्नुभयो, "हो त, रुखमा त फल्छ नि पैसा ।"

बुबाको कुरो सुनेर किशोरको अनुहार उज्यालो भयो । आमा भने छक्क पर्नुभयो । उहाँले सोध्नुभयो, "के भन्नुहुन्छ तपाईं पनि ? रुखमा फल्छ र पैसा ?"

"फल्छ नि !" बुबाले फेरि हाँस्दै भन्नुभयो ।

आमा फेरि छक्क पर्नुभयो । किशोर त झन् तीनछक्कै पऱ्यो । बुबाको कुरा नबुझेर किशोर वाल्ल परिरह्यो बुबाले किशोरलाई दश रुपियाँ दिनुभयो । किशोर खुसी हुँदै पसलतिर कुद्यो ।

किशोर छुर्पी खाँदै आइपुग्यो । बुबासँगै बस्न गयो । उसको मनमा एउटा जिज्ञासा उठ्यो, "बुबा, रुखमा कसरी पैसा फल्छ ?"

बुबा मुसुक्क हाँस्नुभयो अनि किशोरको टाउको सुमसुम्याउँदै भन्नुभयो, "मिहिनेतले फल्छ रुखमा पैसा । मिहिनेत गरे पछि जहाँसुकै पैसा फलाउन सकिन्छ । विद्यार्थीले पढाइमा मिहिनेत गर्नुपर्छ । कामदारले काममा मिहिनेत गर्नुपर्छ ।"

बारीका आँपका रुखतिर देखाउँदै बुबाले फेरि भन्नुभयो, "हामीले कति दुःखले यी आँपका रुखहरू हुर्कायौँ र बढायौँ । मलजल गऱ्यौँ । गाईबस्तुबाट जोगायौँ । घाँसपात उखेलेर फाल्यौँ । सुकेका हाँगाहरू छिमल्यौँ । त्यसपछि आँपको रुख राम्रोसँग हुर्कियो । धेरै आँप फल्यो । त्यही आँप बेचेर हामीले पैसा पायौँ । त्यसैले त्यो आँप हाम्रा लागि पैसाजस्तै हो । त्यसैले म त आँपको रुखमा पैसा फलिरहेको देखिरहेछु ।"

## यस कथाले भन्न खोजेको कुरा के हो ? पाँच वाक्यमा लेख्नुहोस् :

(क) ..................................................................................................

(ख) ..................................................................................................

(ग) ..................................................................................................

(घ) ..............................................................................................................

(ङ) ..............................................................................................................

**माथिको कथाका आधारमा तलका भनाइलाई पुष्टि गर्नुहोस् :**

(क) माटामा पैसा उमार्न सकिन्छ ।
(ख) हत्केलामा पैसा फल्छ ।
(ग) खोलामा पैसा बग्छ ।
(घ) किताबभित्र कति हो कति पैसा छ ।
(ङ) बारीभरि पैसैपैसा फलाउन सकिन्छ ।

**तपाईंले बिहानदेखि बेलुकासम्म प्रायः गरिरहने कुनै दशओटा कामहरूको सूची समयको उल्लेखसहित तयार गर्नुहोस् :**

| क्र.सं. | समय | गर्ने काम |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |
| ४ | | |
| ५ | | |
| ६ | | |
| ७ | | |
| ८ | | |
| ९ | | |
| १० | | |

**जनावरलाई माया गर्नुपर्छ तर यस प्रकारको माया कत्तिको उचित हुन्छ ? तलको चित्रका आधारमा प्रतिक्रिया दिई हुन सक्ने जोखिमका बारेमा समेत उल्लेख गर्नुहोस् :**



**तलका चित्रमा को के गर्दै छ ? तिनको पेसागत चिनारी र भूमिकाका बारेमा एक अनुच्छेद लेख्नुहोस् :**

१.



२.




३.



४.



५.



६.



.....................................................................................................

.....................................................................................................

.....................................................................................................

.....................................................................................................

.....................................................................................................

**तलका वाक्यलाई उदाहरणमा जस्तै गरेर परिवर्तन गर्नुहोस् :**

| सामान्य पक्ष | अपूर्ण पक्ष | पूर्ण पक्ष |
|---|---|---|
| **रुइत काठमाडौँमा बस्छन् ।** | **रुइत काठमाडौँमा बस्दै छन् ।** | **रुइत काठमाडौँमा बसेका छन् ।** |
| उनी आँखारोगीको उपचार गर्छन् ।<br>म रुइतलाई भेट्छु ।<br>तिमी रुइतलाई चिन्छौ ? | | |
| **रुइतले दृष्टिचिकित्सामा क्रान्ति ल्याए ।** | **रुइत दृष्टिचिकित्सामा क्रान्ति ल्याउँदै थिए ।** | **रुइतले दृष्टिचिकित्सामा क्रान्ति ल्याएका थिए ।** |
| रुइतको वृत्तचित्र बन्यो ।<br>रुइतले ठुला पुरस्कार पाए ।<br>मैले श्रद्धाले शिर झुकाएँ । | | |
| **रुइत विश्वका दृष्टिदाता बन्ने छन् ।** | **रुइत विश्वका दृष्टिदाता बन्दै हुने छन् ।** | **रुइत विश्वका दृष्टिदाता बनेका हुने छन् ।** |
| रुइतले धेरै काम गर्ने छन् ।<br>नेपाललाई विश्वले चिन्ने छ ।<br>दृष्टिचिकित्सामा नयाँ क्रान्ति आउने छ । | | |

**तलका वाक्यलाई सम्भावना अर्थ बुझाउने वाक्यमा परिवर्तन गर्नुहोस् र सहजकर्तालाई देखाउनुहोस् :**

**उदाहरण : एकवाल विद्यालय जान्छ।**
**एकवाल विद्यालय जाओस्।**

(क) भाइ गीत गाउँछ।

..............................................................

(ख) उनीहरू आज आउँछन्।

..............................................................

(ग) बुबा 'मुनामदन' पढ्नुहुन्छ।

...........................................................

(घ) म सफल हुन्छु।

..........................................................

## बुझिराख्नुहोस् :

हुन्छ, जान्छु, गर्छौं जस्ता क्रियापद आउने वाक्यहरू सामान्यार्थक हुन्। गरोस्, होउन्, जाऊँ जस्ता क्रियापद आउने वाक्यहरू इच्छार्थक हुन्। होला, गर्लान्, जाउँला जस्ता क्रियापद आउने वाक्यहरू सम्भावनार्थक हुन्।

**तलका वाक्यहरूलाई सामान्यार्थमा परिवर्तन गर्नुहोस् :**

तिमी मेरा घरमा आऊ। हामी सँगै बसेर पढौँ। तिमी मलाई सिकाऔला। म तिमीलाई सिकाउँला। हामी दुवै सफल होऔँ।

.....................................................................................................................

.....................................................................................................................

**तलका वाक्यहरूलाई सम्भावनार्थमा परिवर्तन गर्नुहोस् :**

यो देश एक दिन बन्छ। नेपालीहरू सम्पन्न हुन्छन्। हिमाल, पहाड र तराई हाँस्छन्। सबैको एउटै जाति हुन्छ। त्यो दिन पक्कै आउँछ।

.....................................................................................................................

.....................................................................................................................

**तलको अनुच्छेदमा प्रशस्त वर्णविन्यासगत त्रुटिहरू छन् । तिनलाई शुद्ध गरी सारेर सहजकर्तालाई देखाउनुहोस्**

श्रीमान् सचीवज्यू, स्थानिय नीकायमा जनप्रतीनिधीहरू आईसकेका हूनाले सम्बन्धीत पालीकाको वीकासका लागी त्यती चीन्ता लिनूपर्ने देखींदैन । ऊहाँहरूका अगाडी पछाडी कती हो कति अनूयायीहरू मैले देखेकि छू । हामि कर्मचारिहरूले टीप्पणि, प्रतीवेदन, नीवेदन, वीज्ञप्ती, सीफारिस, मुचुल्का, राजिनामा आदी सबै कूरा पुरा जानेपछी हाम्रो पालीकाको भाषीक शूद्धता र व्यावहारीक लेखाईमा परीवर्तन आएको छ नी !



## अनुभवमा आधारित क्रियाकलाप

**तपाईंको गाउँमा के कस्ता भौतिक एवम् सामाजिक समस्याहरू छन्, सङ्ख्यात्मक रूपमा टिपोट गर्नुहोस् ।**

**तपाईंको गाउँको समस्या समाधान गर्न तपाईंको दायित्व के हो र अरू ककसले के के भूमिका खेल्नुपर्छ ? सूची बनाएर सहजकर्तालाई देखाउनुहोस् ।**

**अन्य केही देशको तुलनामा हाम्रो देशको विकास र समृद्धिको गति अत्यन्त मन्द देखिन्छ । यसको मूल कारण के होला ? कसैलाई दोषरोपण नगरी हरेक व्यक्तिले आआफ्नो जिम्मेवारीलाई इमानदारीपूर्वक पूरा गर्ने हो भने देश समृद्ध बन्छ होला नि त ! समूहमा छलफल गरी निष्कर्ष प्रस्तुत गर्नुहोस् ।**

**'सक्रिय दैनिकी, आदर्श जीवनशैली' शीर्षकमा दुई पात्रबिचको संवाद लेखी सहजकर्तालाई देखाउनुहोस् ।**

**तल दिइएका बुँदाहरूका आधारमा कलाकार अरनिकोको जीवनी लेख्नुहोस् :**

- अरनिको प्रख्यात कलाकार/वास्तविक नाम बलबाहु
- उनी घर, मूर्ति र तस्बिर बनाउन सिपालु
- चीनबाट नेपालका राजालाई गुम्बा बनाउने कलाकार पठाइदिन अनुरोध
- नेपालबाट गएका ८० कलाकारको टोलीनेता १७ वर्षका अरनिको
- ल्हासामा थुप्रै गुम्बाहरू बन्नु
- अरनिको राम्रा कलाकार हुन् भन्ने सुनेर राजाले राजधानीमा बोलाउनु
- राजाले अरनिकोलाई चीनमा नै राख्नु
- त्यहाँ अरनिकोले अनगिन्ती गुम्बा, मूर्ति, तस्बिर बनाउनु
- अरू देशका जनताले पनि अरनिको नेपाली कलाकार हुन् भन्ने थाहा पाउनु
- अरनिकोले नेपालको नाम विश्वमा फैलाउनु/नेपालका राष्ट्रिय विभूतिको सम्मान ।

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

..........................................................................................................



## स्वप्रेरित क्रियाकलाप

**तलको वेबसाइटमा जानुहोस् र जीवनी लेखनसम्बन्धमा थप जानकारी हासिल गर्नुहोस् :**
***https://sahityapost.com/khoj-anusandhan/39366/***


# पाठ ३

# अनुभव र विचारको प्रस्तुति

**निबन्धकार हरिप्रसाद भण्डारीद्वारा लिखित 'को ठुलो ?' शीर्षकको तलको निबन्ध पढेर साथीलाई सुनाउनुहोस् र प्रस्तुत विचारप्रति मनन गर्नुहोस् :**

संसारमा को ठुलो हो भन्नेबारे मैले धेरै सोचेँ । विचार गरेँ । तर, लामो समयसम्म पनि उत्तर पाउन सकिनँ । हाम्रो घरमा भाइभन्दा दिदी ठुली । दिदीभन्दा दाजु ठुला । दाजुभन्दा आमा ठुली । आमाभन्दा बुवा ठुला हामी बुवालाई परिवारको मुली मान्छौँ । मुली मान्छे ठुलो हुन्छ नि । म सधैँ यही कुरा सोच्थेँ । म मनमनै सोच्थेँ, 'यो संसारमा मेरा बुवाभन्दा ठुलो कोही छैन ।' साथीहरूसँग खेल्दा कसैले हेप्यो भने म भन्थेँ, "बर्ता न हो । नत्र बुवालाई भन्दिम्ला !" बुवाको कुरा सुनेपछि साथी हच्किन्थे । त्यसपछि मेरा बुवा ठुला भन्ने कुरामा म झन् बढी विश्वस्त हुन्थेँ ।

एक दिन अचम्म भयो । बुवा र म पल्लो गाउँ जाँदै थियौँ । बाटामा एक जना बृद्ध भेटिए । उनलाई देख्नासाथ बुवा निहुरिनुभयो र गोडामा ढोग्नुभयो । म अचम्म परेँ । "कता हिँडिस् ?" बृद्धले बुवालाई तँ भनेर सम्बोधन गरे । अर्को आश्चर्य भयो । मेरा बुवालाई तँ भनेकोमा भित्रभित्रै रिस पनि उठ्यो । पछि मैले बुवालाई सोधेँ । ती बृद्ध त बुवाका गुरु पो रहेछन् । बुवाभन्दा ठुला मान्छे । त्यसपछि मेरा मनमा कुरा खेले, 'बुवाभन्दा ठुला मान्छे पनि हुँदा रहेछन् ।' त्यसपछि मेरो मनमा रहेको ठुलाको परिभाषा फेरियो ।



एक दिन खेल खेल्दै गर्दा एक जना साथीले ठुलो रुखतिर हेर्दै सोध्यो, "यो रुखको टुप्पोमा को जान सक्छ ?" अर्को साथीले जवाफ दियो, "राजा सक्छन् ।" 'राजा !' मेरो दिमाग फेरि रन्थनियो । को हो त्यो राजा ? त्यसपछि म राजाको परिचय खोज्दै बुवा भएका ठाउँमा गएँ । त्यो बेला हाम्रो देशमा राजा थिए । बुवाले भन्नुभयो, "यो देशको सबैभन्दा ठुलो मान्छे ।" "हजुरका गुरुभन्दा पनि ठुलो ?" मेरो प्रश्न भुइँमा खस्न नपाउँदै बुवाले भन्नुभयो, "हो, गुरुभन्दा पनि ठुलो ।" लौ जा ! दाजुभन्दा बुवा ठुलो, बुवाभन्दा गुरु ठुलो, गुरुभन्दा राजा ठुलो । म रन्थनिएँ ।

बिहान आमाले पूजा गर्दै हुनुहुन्थ्यो, सोधेँ "आमा यी फोटा कसका हुन् ?" आमाले भन्नुभयो, "चौताका फोटा हुन् । ठुली गर बा !" "के यी पनि ठुला मान्छे हुन् ?" मैले सोधेँ । "आम्मै ! यी त राजाभन्दा पनि ठुला हुन् ।" आमाले भन्नुभयो । त्यसपछि मेरो विश्वास खलबलियो । यो धर्तीमा राजाभन्दा पनि ठुलो शक्ति रहेछ भन्ने लाग्यो ।

एक दिन बुवासँगै चिडियाखाना जाने अवसर मिल्यो । त्यहाँ थरी थरीका जनावर थिए । तीमध्ये हात्ती देखेर म दङ्ग परेँ । मनमनै भनेँ, 'ल अब पक्का भयो । हात्तीभन्दा ठुलो कोही छैन यो संसारमा ।' हात्तीसँगै मैले बुवालाई हेरेँ । हात्तीका सामु बुवा फुच्चे देखिनुभयो । त्यसपछि मैले निष्कर्ष निकालेँ, 'हाम्रा बाभन्दा पनि हात्ती ठुलो ।' मनमा कुरा खेलाउँदै थिएँ । एक जना मेरो दाजुजत्रै मान्छे आयो । उसले के भन्यो कुन्नि, उसको कुरा सुनेपछि हात्ती थचक्कै बस्यो । बसेको हात्तीमाथि चढेर त्यो मान्छेले फेरि केही भन्यो । हात्ती जुरुक्क उठ्यो । बुवाले भन्नुभयो, "त्यो हात्तीको माउते हो । माउतेले जे भन्यो हात्तीले त्यही मान्छ ।" मेरो विश्वास फेरि भत्कियो । त्यत्रो घरजत्रो हात्तीलाई दाइजत्रो मान्छेले उठबस गरायो । पिठ्युमा चढेर हिँडायो । त्यसो भए हात्ती ठुलो कि माउते ? मेरो दिमागमा नयाँ जिज्ञासाले घर गऱ्यो । को ठुलो भन्ने कुरा सधैँभरि मेरो दिमागमा घुमिरह्यो । म कुनै निष्कर्षमा पुग्न सकिनँ ।

एक दिन बाबा र म गाडीमा जाँदै थियौँ । भिरको बाटो आयो । तल रुख बिरुवा केही थिएनन् । भीर मात्र थियो । बुबाले चालकलाई भन्नुभयो, "अलि बिस्तारै चलाऊ है ।" "हजुरले चिन्ता लिनु पर्दैन । म सुरक्षित तरिकाले चलाउँछु ।" चालकले विश्वास दिलायो । अनि मैले सोधेँ, 'बाबा ! हजुर ठुलो कि चालक ?' बाबाले भन्नुभयो, "चालक नै ठुलो नि ! मलाई गाडी चलाउन आउँदैन !" अनि बाबाले भन्नुभयो, "मानिस उचाइ वा मोटाइले ठुलो हुँदैन । उमेर ठुलो हुँदैन । सिपले ठुलो हुन्छ । श्रमले ठुलो हुन्छ । जसले श्रम गर्छ, ऊ ठुलो हो । जो अर्काको भरमा बाँच्छ, त्यो सानो हो । म ठुलो छु तर खाना पकाउन आउँदैन । डोको बुन्न आउँदैन । नाम्लो बुन्न आउँदैन । लुगा सिउन आउँदैन । जुत्ता बनाउन आउँदैन । लड्डु बनाउन आउँदैन । चित्र बनाउन आउँदैन । चङ्गा उडाउन आउँदैन । त्यसैले म कसरी ठुलो भएँ त ?"

बाबाको कुरा सुनेर मैले थाहा पाएँ, "आफ्नो ठाउँमा चालक ठुलो, भान्से ठुलो, सूचीकार ठुलो, कुचीकार ठुलो, चर्मकार ठुलो । जोसँग जे सिप छ त्यही ठुलो । सिप नहुने सबै साना रहेछन् ।"

## सिकाइ क्रियाकलाप

**तलका अर्थ दिने शब्द माथिको निबन्धबाट खोजेर लेख्नुहोस् :**

| अर्थ | शब्द |
| --- | --- |
| (क) मान्छेको मत | ................................... |
| (ख) कसैलाई बोलाउने काम | ................................... |
| (ग) सिलाइको काम गर्ने व्यक्ति | ................................... |
| (घ) सानो मान्छे | ................................... |
| (ङ) छालाको काम गर्ने मान्छे | ................................... |

**पारिवारिक मर्यादाअनुसार कोभन्दा को ठुलो हो ? सानोबाट ठुलोसम्म क्रम मिलाएर लेख्नुहोस् :**

हजुरबुबा, काका, बुबा, हजुरआमा, काकी, आमा, कान्छो छोरो, नातिनी, जेठो छोरो, माहिलो छोरो ।

..........................................................................................................................

**निबन्धको बाह्य बनोट हेरेर उत्तर भन्नुहोस् :**

(क) यस निबन्धमा कतिओटा अनुच्छेद छन् ?
(ख) यस निबन्धको सबैभन्दा लामो अनुच्छेद कुन हो ?
(ग) यस निबन्धको सबैभन्दा छोटो अनुच्छेद कुन हो ?
(घ) निबन्धको अन्तिम अनुच्छेदमा कतिओटा शब्द छन् ?
(ङ) तपाईंलाई अर्थ बुझ्न गाह्रो लागेका कुनै दुइटा शब्द भन्नुहोस् ।

**निबन्धको विषयवस्तु पढेर उत्तर लेख्नुहोस् :**

(क) बुबालाई भनिदिन्छु भन्दा साथी किन हच्किएको होला ?
(ख) बाटामा भेटिएका वृद्ध बुबाका को रहेछन् ?
(ग) राजालाई किन ठुलो मानेका होलान् ?
(घ) बुबा र गाडी चालक को ठुलो रहेछ ?
(ङ) किन हरेक मान्छे आफ्ना ठाउँमा ठुलो हुन्छ ?

**यस निबन्धमा भन्न खोजिएको मुख्य कुरा पाँच वाक्यमा लेख्नुहोस् :**

(क) ..........................................

(ख) ..........................................

(ग) ..........................................

(घ) ..........................................

(ङ) ..........................................

**'को ठुला ?' निबन्ध कुन शैलीमा लेखिएको छ ?**

(क) आत्मपरक (ख) वस्तुपरक

**तलका वाक्यहरू निबन्धको कुन कुन अनुच्छेदमा छन् ? खाली ठाउँमा सङ्केत गर्नुहोस् :**

– ती बृद्ध त बुवाका गुरु पो रहेछन् । (अनु. २)

– जोसँग जे सिप छ त्यही ठुलो । सिप नहुने सबै साना रहेछन् । (अनु. ....)

– यो संसारमा मेरा बुवाभन्दा ठुलो कोही छैन । (अनु. ....)

– जसले श्रम गर्छ, ऊ ठुलो हो । जो अर्काको भरमा बाँच्छ, त्यो सानो हो । (अनु. ....)

– त्यो बेला हाम्रो देशमा राजा थिए । (अनु. ....)

– म कुनै निष्कर्षमा पुग्न सकिनँ । (अनु. ....)

– यो धर्तीमा राजाभन्दा पनि ठुलो शक्ति रहेछ । (अनु. ....)

**निबन्धमा प्रयोग भएका तलका केही सिङ्गा शब्द र त्यस्तै अन्य शब्दहरूलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् :**

चालक (गाडी चलाउने व्यक्ति) : ..................................................................

सूचीकार (सिलाइको काम गर्ने व्यक्ति) : ........................................................

कुचीकार (बढारकुँडार गर्ने व्यक्ति) : ..............................................................

चर्मकार (छालाको काम गर्ने व्यक्ति) : ...........................................................

पत्रकार (सञ्चारको काम गर्ने व्यक्ति) : ...............................................................

साहित्यकार (साहित्य सिर्जना गर्ने व्यक्ति) : ...........................................................

कलाकार (कलाका क्षेत्रमा काम गर्ने व्यक्ति) : .........................................................

## तल दिइएको अनुच्छेद पढ्नुहोस् र समूह क र ख बिच जोडा मिलाउनुहोस् :

मेरो बुबा कवि हुनुहुन्छ । उहाँ कविता लेख्नुहुन्छ । मेरा बुबाका दुई जना दाजुभाइ हुनुहुन्छ । बुबाका दाजु कृषक हुनुहुन्छ । उहाँ खेतीपाती गर्नुहुन्छ । बुबाका भाइ विद्यालयमा पढाउनुहुन्छ । उहाँ शिक्षक हुनुहुन्छ । बुबाकी बहिनी डाक्टर हुनुहुन्छ । उहाँ बिरामीको उपचार गर्नुहुन्छ । मेरी आमा कलाकार हुनुहुन्छ । उहाँ राम्रा चित्र बनाउनुहुन्छ । गीत पनि गाउनुहुन्छ । समाजमा सबैका आआफ्ना पेसा हुन्छन् ।

| **समूह क** | **समूह ख** |
|---|---|
| लेखन | कुटो, कोदालो, खेती |
| कृषि | कविता , कथा, निबन्ध |
| शिक्षण | होटल, पथप्रदर्शक, गन्तव्य |
| कलाकारिता | विद्यालय, शिक्षक, विद्यार्थी |
| पर्यटन | बिरामी, औषधी, उपचार |
| चिकित्सा | चित्र, गीत, अभिनय |

## तलको अनुच्छेद पढ्नुहोस् र पाँचओटा बुँदा टिपोट गर्नुहोस् :

हामी दौरा, सुरुवाल, कोट, इस्टकोट, भोटो, टोपी, चोलो, फरिया, खास्तो, पटुका, मोजा जुत्ता लगाउँछौँ । यही हाम्रो जातीय पोसाक हो । यसबाट हामी जहाँ गए पनि नेपाली भनेर चिनिन्छौँ । नेपाली भनी चिनाउन यसले गौरव प्रदान गर्छ । आफ्नो जातीय पोसाक छाडेर अरू पोसाक लाएर हिँड्नु राम्रो होइन । दौरासुरुवाल चिटिक्क सुहाउँछ । पटुका बाँध्दा शरीरलाई फाइदा हुन्छ र स्वास्थ्य लाभ हुन्छ । यसले कुप्रो हुनबाट रोक्छ र पेटको गडबडीलाई पनि निको पार्छ । पटुकामा खुकुरी भिरेर हिँड्ने हाम्रो पुरानो रिवाज हो । खुकुरी आत्मरक्षा गर्ने र हिंसक जन्तुबाट बच्ने साधन हो । यो वीरताको प्रतकि पनि हो । वेशभूषा र गरगहनासँग हाम्रो संस्कृति, संस्कार र परम्परा जोडिएको हुन्छ ।



## अन्तरक्रियात्मक क्रियाकलाप

**एउटी बहिनीले दाजु विदेशबाट आएको सन्दर्भमा लेखेको तलको दैनिकी पढ्नुहोस् र प्रश्नको उत्तर दिनुहोस् :**

### दाजु आएको दिन

मिति : २०७९/८/१५

आज म बिहान चाँडै उठेँ । आज शनिबारको दिन र आजै अमेरिकाबाट दाजु आउने दिन, कस्तो गजबको संयोग परेछ । हर्ष त बिहान उठेदेखि नै थियो नि तर के गर्ने दाजु आउने समय दिउँसो तीन बजे मात्र हो । बिहानको दैनिक कार्य सकेर मैले एकछिन पढेँ । त्यसपछि भोलि हुने वक्तृत्वकलाका लागि केही कुरा सोध्न म नेपाली गुरुकहाँ गएँ । गुरुले मलाई बोल्ने तरिका र विषयवस्तु सबै सिकाइदिनुभयो र म भोलिको जिल्ला स्तरीय वक्तृत्वकला प्रतियोगितामा प्रथम हुने आँट बोकेर १० बजे घर फर्केँ । घरमा आउँदा खाना पाकिसकेको थियो । आमा, बुबा र म तीनै जनाले एकैसाथ बसेर खाना खायौँ ।

दिउँसो मैले लुगा धुने, नुहाउने काम सकेँ अनि आमा, बुबा र म तीनै जना २ : ३० बजेतिर त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलतिर लाग्यौँ । हामी त्यहाँ पुगेको १० मिनेटपछि दाजु चढेको विमान ओर्लियो । मलाई कति बेला दाजुलाई देखूँ जस्तो लागेको थियो । मैले दाजुलाई नदेखेको आठ वर्ष भएको थियो । दाजु अमेरिका जाँदा म सानी थिएँ । हाम्रा आँखा विमानतिरै थिए । दाजु विमानबाट निस्किनुभयो । सबैभन्दा पहिला आमाले चिन्नुभयो र हात हल्लाउनुभयो । दाजु पनि हात हल्लाउँदै हामीतिर आउनुभयो । म खुसीले गदगद भएँ । दाजुका सबै सामानहरू कुल्लीले गाडीमा राखिदियो र हामी सबै घर फर्कियौँ । आज हाम्रो घरको वातावरण नै अर्कै जस्तो बन्यो । दाजुले हामी सबैलाई राम्रा राम्रा कपडा र अन्य सामानहरू ल्याइदिनुभएछ तर बहिनी सानै होली भनेर दाजुले मलाई ल्याइदिएका सबै कपडाहरू मलाई साना भए अनि दाजु असाध्यै हाँस्नुभयो ।

बेलुका खाना खाएपछि दाजुले अमेरिकाको वर्णन गर्न थाल्नुभयो । त्यहाँका बाटाघाटा, घर र पार्कहरूको वर्णन गर्दा मलाई अमेरिका नै पुगेजस्तो लाग्यो तर विश्वव्यापारकेन्द्र र पेन्टागनमा भएको हवाइआक्रमणको कुरा सुन्दा चाहिँ मेरो मुटु डरले ढुकढुक गर्न थाल्यो । अझै त्यस समयमा म नजिकैबाट आफ्नो अफिसतिर जाँदै थिएँ भनेर दाजुले भन्दा त मलाई झन् डर लाग्यो । जे भए पनि आजको दिन मेरा लागि सबै कुरामा फलदायी रह्यो ।

**(क) माथिको दैनिकीमा बिहान, दिउँसो र बेलुका गरिएका कुन कुन मुख्य मुख्य कामहरूको उल्लेख गरिएको छ, टिप्नुहोस् :**

बिहान : ..........................................................................................

..........................................................................................................

दिउँसो : ..........................................................................................................

..................................................................................................................

बेलुका : ..........................................................................................................

..................................................................................................................

**(ख) दाजुले गरेको अमेरिकाको वर्णन सुनेपछि तपाईंलाई अमेरिका कस्तो छ जस्तो लाग्यो ? एक अनुच्छेदमा लेख्नुहोस् :**

..................................................................................................................

..................................................................................................................

..................................................................................................................

..................................................................................................................

..................................................................................................................

..................................................................................................................

**(ग) वि.सं. २०७२ मा गएको भुईंचालोको क्षतिका सम्बन्धमा साथी साथीबिचमा अन्तरक्रिया गरी लेख्नुहोस् ।**

**नेपालीहरू किन विदेश जान्छन् ? नेपाललाई नै विदेशीहरू काम गर्न आउने ठाउँ बनाउन सकिँदैन ? अनुभवका आधारमा आफ्नो विचार प्रस्तुत गर्नुहोस् ।**

**तपाईंको गाउँघरमा भएको कुनै विशेष पर्व, उत्सव वा कार्यक्रमलाई विषयवस्तु बनाएर एक दिनको दैनिकी लेख्नुहोस् ।**

**आफूले चाहेजति दाइजो नल्याएको निहुँमा आफ्नै सासू, ससुरा र लोग्ने मिलेर एउटी नारीलाई जलाएर मारेको घटनामा आधारित समाचार पत्रिकामा पढेपछि तपाईंलाई कस्तो अनुभूति भयो ? तार्किक प्रतिक्रिया दिनुहोस् ।**

## खोज क्रियाकलाप

**नेपालमा सडक दुर्घटना हुने मुख्य तीनओटा कारणहरू खोजी गरी त्यस समस्याको समाधान गर्ने उपायहरू के के हुन सक्छन् ? सुझाव दिनुहोस् ।**

**तलको चित्र हेर्नुहोस् र यस दुर्घटनाको दोषी को होला ? तर्क र अनुमानका आधारमा प्रतिक्रिया दिनुहोस् ।**



## अभ्यास क्रियाकलाप

**तलको संवाद साथीसँग मिलेर अभिनय गर्दै पढ्नुहोस् :**

**अतिथि सत्कार**

**(विनोद पर्यटकलाई लिएर हिँड्दै छ । ठमेलमा अचानक श्यामसँग उसको भेट हुन्छ ।)**

**विनोद** – (परैबाट हात उठाउँदै) ओहो श्याम ! कता हो ?

**श्याम** – (झस्किँदै) ए ! विनोद तिमी पो ! म यहाँ दिदीका तिर हिँडेको । अनि तिमीचाहिँ नि ?

**विनोद** – म त यी कुइरेहरूलाई लिएर हिँडेको यार ! क्या लोभीहरू परेछन् । पटक्क सुको झार्ने होइनन् ।

**श्याम** – ए ! बिस्तारै बोल न ! अहिले सुने भने के भन्लान् ?

**विनोद** – (झन् सारो) ए ! सुनेर के हुन्छ ? कुरा बुझे पो ! बुझे पनि के पो गर्न सक्छन् र यिनीहरूले ? यो

हाम्रो देश पो हो त, उसको हो र ?

**श्याम** – हेर, श्याम ! मलाई तिम्रो कुरा मन परेन । यसरी आफ्ना अतिथिहरूको अपमान गर्नु हुँदैन ।

**विनोद** – आ ! अतिथि पो अरे ! यी कुइरेहरूलाई पनि मान गर्नु ? म त गर्दिनँ । म त बरू यिनीहरूबाट दुईचार सय डलरचाहिँ फुत्काएर भाग्ने सोचिरहेको छु । हेर न, त्यो कुइरेले कति राम्रो घडी लगाएको छ । त्यो कुइरेनीले कति महङ्गो क्यामेरा बोकेकी छ । बरु, तिमी पनि मसँगै हिँड न ! यिनीहरूका यी सामानहरू चोरियो भने त एकैचोटि उक्सिइन्छ नि !

**श्याम** – **(आश्चर्य मान्दै)** ओहो विनोद ! तिमी यो के भन्दै छौ ? छिःछिः, आफ्ना घरमा आएका पाहुनाको पैसा, घडी, क्यामेराहरू चोर्नु ? भो मित्र ! म त बरु तिमीजस्ता साथीको सङ्गत छाडिदिन्छु तर यस्तो इज्जत जाने काम गर्दिनँ ।

**विनोद** – कसरी हाम्रो इज्जत जान्छ र ? यो कुरा कसले थाहा पाउँछ र ? यिनीहरू आपनो देश गइहाल्छन् ! हामीलाई के हुन्छ र ?

**श्याम** – हेर विनोद ! तिमी ज्यादै मूर्ख रहेछौ ? हामीले आफूले गर्ने राम्रा नराम्रा काम अरूका लागि गरि दिने होइन । अरूले नदेख्दा चाहिँ जे पनि गर्ने ? के हाम्रो आफ्नो चाहिँ दायित्व छैन र ? फेरि तिमीलाई थाहा छ ? हाम्रो सम्बन्ध देशसँग गाँसिएको छ । हामीले नराम्रो काम गर्दा देशको र सम्पूर्ण नेपालीको इज्जत जान्छ ।

**विनोद** – **(हाँस्दै)** श्याम ! हैन तिमी के भन्दै छौ ? हामीले गल्ती गर्दा देशको इज्जत जान्छ रे ! कसरी ?

**श्याम** – हेर, विनोद ! हामी नेपाली हौँ । यी पर्यटकहरू नेपाल भ्रमण गर्न आएका हुन् । नेपाल हाम्रो घर हो । त्यसैले यिनीहरू हाम्रा घरमा आएका पाहुना हुन् । अब हामीले यिनीहरूलाई दुःख दियौँ, यिनीहरूका सामान चोऱ्यौँ भने यिनले आफ्नो देशमा गएर नेपालीहरू चोर छन्, उनीहरू अतिथिलाई दुःख दिन्छन् भनेपछि अनि देशको इज्जत जाँदैन त ?

**विनोद** – ओहो ! श्याम ! मैले त यो विचारै गरेको थिइनँ । अनि हामीले अतिथिको सत्कार गर्दा हुने फाइदाहरू पनि छन् कि ?

**श्याम** – छन् नि ! किन नहुनु । हाम्रो धर्ममा नै 'अतिथिहरू देवता हुन्' भनिएको छ । हामीले यी पर्यटकहरूको सत्कार गऱ्यौँ भने एकातिर हाम्रो धर्मको पालना हुन्छ भने अर्कातिर उनीहरूले आफ्ना देशमा गएर नेपालको प्रचार गरेपछि अरू पर्यटक पनि आउँछन् अनि देशमा विदेशी पैसा भित्रिन्छ । यति मात्र नभएर हाम्रो आफ्नो कर्तव्य पूरा हुन्छ, हाम्रो कीर्ति विश्वभरि फैलिन्छ र नेपालीलाई सबैले सम्मान गर्छन् ।

**विनोद** – ओहो ! श्याम ! तिमीले त मेरा आँखा खोलिदियौ । अबदेखि त म अतिथिहरूलाई दुःख दिने त होइन, यस्ता कुरा मनमा पनि सोच्दिनँ । वास्तवमा पर्यटकहरूको सत्कार नै हाम्रो चिनारी रहेछ । ल हिँड, श्याम ! हामी दुवै मिलेर यी हाम्रा अतिथिहरूलाई निःशुल्क घुमाइदिऔँ ।

**(दुवै जना खुसी हुँदै बाटो लाग्छन् ।)**

**नेपाली समाजले मान्दै आएका तलका सूक्तिहरूलाई एक वाक्यमा कारण उल्लेख गरी अर्को वाक्यले पुष्टि गर्नुहोस्**

**मातृदेवो भव** (आमा देवता हुन्) : ..........................................................

..............................................................................................

**पितृदेवो भव** (बुबा देवता हुन्) : ..........................................................

..............................................................................................

**आचार्यदेवो भव** (गुरु देवता हुन्) : ..........................................................

..............................................................................................

**अतिथिदेवो भव** (अतिथिहरू देवता हुन्) : ..................................................

..............................................................................................

**श्यामले भनेको तलको भनाइलाई आधार बनाएर दुई मिनेटको आफ्नो वक्तृत्व प्रस्तुत गर्नुहोस् :**

हाम्रो सम्बन्ध देशसँग गाँसिएको छ । हामीले नराम्रो काम गर्दा देशको र सम्पूर्ण नेपालीको इज्जत जान्छ ।

**उदाहरण हेरेर वाक्य परिवर्तन गर्नुहोस् :**

**उदाहरण : हामी पढ्छौँ ।**

**: हामीद्वारा पढिन्छ ।**

(क) म किताब किन्छु ।

..............................................................................................

(ख) तिमी विद्यालय जान्छौ ।

..............................................................................................

(ग) उनीहरू धेरै हाँस्छन् ।

..............................................................................................

(घ) दाजु गीत गाउनुहुन्छ ।

.......................................................................................................

(ङ) उनी कविता लेख्छिन् ।

.......................................................................................................

## उदाहरण हेरेर वाक्य परिवर्तन गर्नुहोस् :

**उदाहरण : मद्वारा गीत गाइयो ।**

**: मैले गीत गाएँ ।**

(क) हामीद्वारा कथा लेखियो ।

..............................................................................................

(ख) तिमीद्वारा हिमाल चढियो ।

..............................................................................................

(ग) उनीहरूद्वारा राम्रो काम गरियो ।

..............................................................................................

(घ) दिदीद्वारा नयाँ लुगा किनियो ।

..............................................................................................

(ङ) गुरुद्वारा लोककथा सुनाइयो ।

..............................................................................................

## बुझिराख्नुहोस् :

कर्ता मुख्य हुने र भन्छ, गऱ्यो, जान्छु, हुने छ जस्ता सोझा क्रियापद आउने वाक्यहरू कर्तृवाच्य हुन् । कर्म मुख्य हुने र भनिन्छ, गरियो जस्ता क्रियापद आउने वाक्यहरू कर्मवाच्य हुन् । क्रियाको भाव मुख्य हुने र गइन्छ, भइने छ जस्ता क्रियापद आउने वाक्यहरू भाववाच्य हुन् ।

**जान्नेलाई सोधेर तलका वाक्यहरूलाई कर्तृवाच्यमा परिवर्तन गर्नुहोस् :**

आज यहीँ बसिन्छ । सबै मिलेर पढिन्छ, लेखिन्छ र रमाइलो गरिन्छ । एक्लै बसेर धेरै पढियो । अब समूहमा बसेर पढिने छ ।

......................................................................................................

**जान्नेलाई सोधेर तलका वाक्यहरूलाई कर्म वा भाववाच्यमा परिवर्तन गर्नुहोस् :**

हामी पोखरा जान्छौँ । हामी फेवाताल हेर्छौं र डुङ्गा पनि चढ्छौँ । तिमी पनि जान्छौ ? जान्छौ भने सँगै घुमौँला नि !

......................................................................................................



## अनुभवमा आधारित क्रियाकलाप

**तपाईँसँग खाट बनाउने सिप छ र तपाईं नयाँ खाट बनाउन लाग्नुभएको छ भने तपाईं एउटा खाट बनाउनका लागि के के काम गर्नुहुन्छ ? क्रमशः लेख्नुहोस् :**

......................................................................................................

......................................................................................................

......................................................................................................

......................................................................................................

......................................................................................................

......................................................................................................

**मानिलिऊँ तपाईं एउटी आमा हुनुहुन्छ । तपाईंकी छोरी उच्चशिक्षा अध्ययनका लागि पहिलो पटक गाउँबाट सहरतिर जाँदै छिन् । ती छोरीलाई तपाईं सहरको जीवनशैली, रहनसहन, आफ्नो पढाइ र अपनाउनुपर्ने सचेतता आदिका बारेमा के के कुरा कसरी सिकाएर पठाउनुहुन्छ ? अभिनय गर्दै भन्नुहोस् ।**

**तलको चित्रले मौरी पालन व्यवसायलाई सङ्केत गरेको छ । मौरी पालन व्यवसायबाट राम्रो उपलब्धि हासिल गर्न सकिन्छ तर त्यसका लागि अनेकौँ चुनौतीहरू पनि छन् । यस विषयमा जान्ने मान्छेलाई सोधेर मौरी पालन व्यवसायका पाँच पाँचओटा उपलब्धि र चुनौतीहरू लेखेर सहजकर्तालाई देखाउनुहोस् ।**



**मौरी पालन व्यवसायका उपलब्धिहरू**

(क)...............................................................................

(ख)...............................................................................

(ग)...............................................................................

(घ)...............................................................................

(ङ)...............................................................................

**मौरी पालन व्यवसायका चुनौतीहरू**

(क)..............................................................................................

(ख)..............................................................................................

(ग)..............................................................................................

(घ)..............................................................................................

(ङ)..............................................................................................



## स्वप्रेरित क्रियाकलाप

***Chhanda parag* (छन्द-पराग) *Chhanda Kabita Pathshala-1* युट्युब च्यानलमा हेर्दा मैले बालोरी छन्दमा कविता कसरी लेखिन्छ भन्ने कुरा सिक्ने मौका पाएँ । तपाईं यस च्यानलमा रहेका अन्य छन्दमा कविता लेखनसम्बन्धी भिडियोहरू हेर्नुहोस् र आफ्नो अभिव्यक्तिलाई कवितात्मक रूपमा प्रस्तुत गर्न सिक्नुहोस् ।**

# पाठ ४


# व्यावहारिक ज्ञान र लेखन

**तल दिइएको 'अनौठो ज्ञान' शीर्षकको तलको कथा बुझ्ने गरी पढ्नुहोस् :**

धेरै पहिलेको कुरो हो । एउटा गुरुकुलमा एक जना ठुला गुरु हुनुहुन्थ्यो । उहाँसँग नीति र ज्ञानका कुरा सिक्न धेरै शिष्यहरू आउँथे । गुरुले किताबको ज्ञानसँगै प्रयोगात्मक ज्ञान दिनुहुन्थ्यो । यसैले शिष्यको चाप थेगिनसक्नु हुन्थ्यो । प्रयोगात्मक ज्ञानका लागि शिष्यलाई गाउँ लगिन्थ्यो । त्यहाँबाट शिष्यले कैयौं ज्ञान र नीतिका कुरा सिक्थे । एक प्रकारले भन्नुपर्दा उनीहरूले जीवनको विज्ञान बुझ्न पाउँथे ।

एक पटक गुरु प्रयोगात्मक कक्षाका लागि शिष्यलाई लिएर हिँड्नुभयो । डुल्दै एउटा गाउँमा पुग्दा रात पऱ्यो । गाउँको एउटा घरमा उनीहरूले बास मागे । गाउँलेले बास दिन मानेनन् । नयाँ ठाउँमा पुग्दा राति भइसकेको थियो । शिष्यले गुरुको परिचय दिँदै नम्रतापूर्वक अनुरोध गरे, "उहाँ विद्या र ज्ञान बाँड्ने आदरणीय गुरु हुनुहुन्छ । हामी उहाँका शिष्य हौं । रात परिसक्यो, अन्त कहाँ जानु ? कृपया एक रातका लागि बास बस्न दिनुहोस् न !"

उनीहरूको अनुरोध सुनेर घरमुलीकी श्रीमती र छोराछोरी कराउन थाले, "गुरु भए पनि शिष्य भए पनि हामीलाई



के मतलब ? पाइँदैन बाससास, जहाँ जाने हो जाओ ।"

शिष्यले फेरि पनि अनुनय विनय गरे । त्यसपछि उनीहरू गुरुशिष्यलाई गाईभैँसी बाँध्ने गोठमा बास बस्न दिन मन्जुर भए तर खाना खाए नखाएको भने कसैले सोधेनन् । रातभरि लामखुट्टे र उडुसले टोकेर हैरान पारे । गुरुशिष्यले जसोतसो भोकैप्यासै रात काटे ।

आफ्ना गुरुको अपमान भएको देखी शिष्यहरूलाई रिस उठ्यो । गुरुको आज्ञाविना केही बोल्न मिल्दैनथ्यो । यसैले सबै चुप लागे । गुरुसँग सोध्ने आँट पनि कसैले गरेनन् । गुरु भने मुसुमुसु मुस्कुराउँदै त्यहाँबाट हिँड्ने तयारीमा लाग्नुभयो । जाँदाजाँदै परिवारतिर फर्केर उहाँले भन्नुभयो, "यहाँहरूको सेवाबाट म खुसी छु, यहाँहरूलाई धन्यवाद छ ! तपाईंका सन्तान दरसन्तान कसैलाई पनि यो घर र यो गाउँ छाड्नु नपरोस् । सधैँ एकै ठाउँमा बसिरहन पाउनुहोओस् । मेरो शुभकामना छ !"

शिष्यहरूले कहिल्यै रिस नउठ्ने गुरुको महानताको प्रशंसा गरे । गुरुसँगै अर्को दिनको यात्राका लागि बाटो लागे । अर्को दिन रात पर्न लाग्दा अर्को गाउँमा पुगे । गाउँको अर्को एउटा घरमा बास मागे । घरमुली महिला घरभित्रबाट बाहिर निस्किन् । उनका पति पछि पछि थिए । गुरुले भन्दा पहिले नै दुवै जनाले नमस्कार गरे । महिलाले सोधिन्, "यहाँहरू को हुनुहुन्छ ?"

एक जना शिष्यबाट गुरुको परिचय पाउनासाथ दुवै जनाले फेरि सम्मानसाथ झुकेर गुरुलाई नमस्कार गरे । ज्ञान दिने गुरु र ज्ञान लिने शिष्यलाई भेटेर आफूहरू धन्य भएको बताए । भित्रबाट छोराछोरीले गुन्द्री र कम्बल ल्याएर दलानमा बिछ्याए । गुरुको टोलीलाई नै नमस्कार गर्दै तिनीहरूले बस्न आग्रह गरे । सम्मानपूर्वक भोजन गराए । सजिलो गरी आराम गर्ने र सुत्ने व्यवस्था मिलाए ।

भोलिपल्ट बिहान पनि सबै जनालाई खुवाएर मात्र जान दिए । हिँड्ने बेलामा घरका सदस्यहरूतिर फर्केर गुरुले भन्नुभयो, "तपाईंहरूको सेवाबाट म प्रभावित भएँ । तपाईंहरूका सन्तान दरसन्तान तितरबितर होउन् । कोही पनि एकै ठाउँमा बस्न नपाउन् ।"

गुरुको आशीर्वाद सुनेर शिष्यहरू अचम्ममा परे । एक जनाले त सहनै सकेनन् । उनले भनिहाले, "गुरुज्यू, मलाई यो कुरो अलि चित्त बुझेन ।"
"कुन कुरा ?" गुरुले सोध्नुभयो ।
"अघि अपमान गर्नेलाई एकै ठाउँ बस्नू भनेर आशीर्वाद दिनुभयो । अहिले सम्मान गर्नेलाई चाहिँ तितरबितर हुनू भनेर श्राप दिनुभयो । किन गुरु ? यिनीहरूलाई पिर परेन होला ?"
गुरुले मुस्कुराउँदै शिष्यलाई सम्झाउनुभयो, "कुरो यसो हो, हिजो हामीलाई अपमान गर्ने घरका सबै सदस्य खराब

रहेछन् । उनीहरू एकै स्वरमा अतिथिउपर आइलागे । तिनका सन्तान जहाँ गए पनि त्यस्तै संस्कार बोकेर जान्छन् । यसैले तिनीहरू जतिसक्दो सानो ठाउँमा सीमित हुनु राम्रो हो । आज हामीलाई अतिथि सत्कार गर्ने परिवारै पुरै सभ्य, संस्कारयुक्त र गुणी रहेछन् । यस्ता मानिस संसारभरि फैलिए तिनीहरू सँगसँगै तिनीहरूको सभ्यता, संस्कार र गुण पनि चारैतिर फैलिन्छ । त्यसैले संस्कारीहरू विश्वभर छरिनुपर्छ, संस्कारहीनहरू एकै ठाउँमा खुम्चिएर बस्नुपर्छ । अब त कुरो बुझ्नुभयो नि ?"

"बुझ्यौं गुरु !" सबैले एक स्वरमा भने ।

त्यस्ता महान् गुरुको महानता र ज्ञानप्रति सबै शिष्यहरू नतमस्तक भए ।



## सिकाइ क्रियाकलाप

### शुद्ध पारी कापीमा सार्नुहोस् :

गुरूको अपमान भएको देखि शिश्यहरूलाई रीस उठ्यो । गुरुको आग्याँबिना केही वोल्न मिल्दैनथ्यो । यसैले सबै चुप लागे । गुरुसँग सोध्ने आट कसैले गरेनन ।

### तलका शब्दहरूलाई वाक्यमा प्रयोग गर्नुहोस् :

विज्ञान ..........................................................................................

घरमुली ..........................................................................................

मन्जुर ..........................................................................................

उडुस ..........................................................................................

भोजन ..........................................................................................

### ठिक भए (√) र बेठिक भए (×) चिह्न दिनुहोस् :

(क) गुरु बुद्धिमान् हुनुहुन्थ्यो ।  (    )

(ख) शिष्यहरू गुरुका आज्ञाकारी थिए ।  (    )

(ग) अतिथिलाई गोठमा बास दिनु ठिक थियो ।  (    )

(घ) गुरुका दुवै आशीर्वाद उपयुक्त हुन् । ( )

(ङ) गुणी व्यक्तिको चर्चा सबैतिर हुन्छ । ( )

**कसले कसलाई भनेको हो ? ठिक उत्तरमा चिह्न लगाउनुहोस् :**

(क) गुरु भए पनि शिष्य भए पनि हामीलाई के मतलब !

(अ) घरमुलीले शिष्यलाई (आ) शिष्यले घरमुलीलाई (इ) गुरुले शिष्यलाई

(ख) तपाईंका सन्तान दरसन्तान कसैलाई पनि यो घर र यो गाउँ छाड्नु नपरोस् ।

(अ) गुरुले घरमुलीलाई (आ) गुरुले शिष्यलाई (इ) शिष्यले गुरुलाई

(ग) अघि अपमान गर्नेलाई एकै ठाउँ बस्नू भनेर आशीर्वाद दिनुभयो ।

(अ) शिष्यले शिष्यलाई (आ) शिष्यले गुरुलाई (इ) गुरुले शिष्यलाई

(घ) हामीलाई अतिथि सत्कार गर्ने परिवारै पुरै सभ्य, संस्कारयुक्त र गुणी रहेछन् ।

(अ) गुरुले शिष्यलाई (आ) शिष्यले गुरुलाई (इ) शिष्यले घरमुलीलाई

**तलका प्रश्नहरूको उत्तर भन्नुहोस् :**

(क) गुरुकुलमा को को बस्थे ?

(ख) गुरुकुलमा शिष्यहरू के के सिक्न आउँथे ?

(ग) शिष्यलाई पढाउने गुरुको तरिका कस्तो थियो ?

(घ) बास दिनुपर्दा अपमान गर्ने परिवारमा कति जना सदस्य थिए ?

(ङ) रिस उठ्दा पनि शिष्यले किन बोल्न नसकेका होलान् ?

**गुरुको व्यावहारिक शिक्षा दिने तरिका तपाईंलाई कस्तो लाग्यो ? तर्क प्रस्तुत गर्नुहोस् ।**



## अन्तरक्रियात्मक क्रियाकलाप

**तपाईंहरू समूहमा बाँडिनुहोस् । प्रत्येक समूहले तलकामध्ये एउटा एउटा सन्दर्भका बारेमा छलफल गर्नुहोस् । छलफलका बुँदाहरूलाई सबै सदस्यले टिप्नुहोस् । तिनै बुँदाका आधारमा कथा रचना गरी सुनाउनुहोस् । सुन्ने समूहले सुनेका कथामा सकारात्मक र सुधार्नुपर्ने विषय के के छन्, टिप्पणी प्रस्तुत गर्नुहोस् । टिप्पणीमा उठेका विषयका बारेमा कथा प्रस्तुत गर्ने समूहले स्पष्टीकरण दिन सक्नुहुन्छ । यस कार्यमा तपाईंहरूलाई सहजकर्ताले सहयोग गर्नुहुने छ ।**

**सन्दर्भहरू :** - घरमा बास नदिने परिवारका तर्फबाट

- सहजै बास दिने परिवारका तर्फबाट
- गुरुका तर्फबाट
- शिष्यहरूका तर्फबाट
- गाउँलेका तर्फबाट

## तलका दुवै अनुच्छेद पढ्नुहोस् र बुझ्नुहोस् :

### नदी

नदी निरन्तर बगिरहन्छ । मलाई लाग्छ, जीवन पनि एउटा नदी हो । नदीबाट म कति बेला प्रभावित भएँ, त्यो मलाई थाहा छैन तर पनि बग्दो नदीको कलकलमा म जीवनको अनौठो तरङ्ग पाउँछु, अविराम गतिमा जीवनको विशृङ्खलित हिँडाइ पाउँछु अनि भयानक चट्टानहरूमा ठोक्किएको नदीमा दुःख र पीडाले मर्माहत आफ्नै जीवनको प्रतिबिम्ब पाउँछु । मैले जीवनको गतिशीलता नदीबाट पाएको हुँ । अस्पष्ट गन्तव्यभित्रै नदीले बोकेको निश्चित गन्तव्य र मैले हिँडेको बाटो एउटै हो किजस्तो लाग्छ । मैले नदीबाट निश्छलता, निर्मलता र उदारताको पाठ जति सिक्नुपर्थ्यो त्यति सिक्न सकिनँ होला तर पनि यात्रामा आइपर्ने चट्टानी पीडासँग नडराउने प्रवृत्ति चाहिँ पक्कै चोरेको छु । नदी प्रकृतिको अमूल्य देन भएजस्तै म पनि प्रकृतिको एउटा उपहार नै हुँ । मानवजीवनको सार्थकता गतिशीलतामा मात्र होइन, पवित्रता र कर्तव्यपालनामा पनि छ । यही नदीबाट मैले सिकेको एउटा महत्त्वपूर्ण पाठ हो ।

### लुम्बिनी

लुम्बिनी नेपालको एउटा प्रसिद्ध ठाउँ हो । यति मात्र नभएर यसको विश्वमा छुट्टै पहिचान छ । भगवान् गौतम बुद्ध जन्मिएको पवित्र भूमि लुम्बिनी विनाशका सङ्घारमा पुग्दा हरेक नेपालीलाई दुःख लाग्छ । नामका भोका विदेशीहरूले यहाँका बुद्धलाई चोरेर लान सक्दैनन् । लुम्बिनीको एउटा पीपलको बोटमा 'अहिंसा परमो धर्म'को सन्देश छ, जीर्ण इँटाका टुक्राहरूमा शान्तिको शङ्खघोष छ त्यसैले ती विश्वका आदर्शहरूलाई डुबानमा पार्नु हुँदैन । कुनै विदेशीले बुद्ध नेपालका होइनन् भनी इतिहास लेख्दा नेपालीले चुप लागेर बस्नु हुँदैन । शान्ति जन्मिएको लुम्बिनीले प्रक्षेपण गरेको मानवताको सन्देशले विश्व जुर्मुराएका बेला यसको संरक्षण झन् अपरिहार्य छ । एउटा महापुरूष पाउन राष्ट्रले युगौँयुग पर्खिनुपर्छ भने पाएको महापुरूषको गौरवमय इतिहास जीवित राख्न सकेन भने राष्ट्रका लागि त्यहाँभन्दा ठूलो दुर्भाग्य अरू केही हुन सक्दैन । लुम्बिनी नेपाल र नेपालीको मुटु हो, मुटुको संरक्षण नभए व्यक्तिको अस्तित्व पनि कहाँ रहन्छ र ?

## बुझिराख्नुहोस् :

माथिको 'नदी' शीर्षकको पहिलो अनुच्छेदमा लेखकले आफैँ उपस्थित भएर विषयवस्तुका बारेमा बोलेको छ भने 'लुम्बिनी' शीर्षकको दोस्रो अनुच्छेदमा लेखकले आफू टाढै बसेर विषयवस्तुको वर्णन गरेको छ । यसरी 'म, हामी' पात्रको प्रयोग गरी लेखक नै उपस्थित भएर लेखिने अनुच्छेदलाई आत्मपरक भनिन्छ भने लेखक टाढा बसेर वा अन्य पात्रको प्रयोग गरी लेखिने अनुच्छेदलाई वस्तुपरक भनिन्छ । अनुच्छेद एउटै अनुच्छेद ले खुपर्छ र त्यो पूर्ण हुनुपर्छ ।

**माथिका दुई अनुच्छेदमा विषयगत भिन्नताका अतिरिक्त के कस्ता शैलीगत भिन्नताहरू छन्, साथी साथीबिचमा छलफल गर्नुहोस् ।**

**तलको निवेदन पढ्नुहोस् र बुझ्नुहोस् :**

मिति : २०७९/११/०१

श्रीमान् प्रमुख,
नगर कार्यपालिकाको कार्यालय
शिवसताक्षी नगरपालिका, झापा ।

विषय : फोहोरमैला व्यवस्थापन सम्बन्धमा ।

महोदय,

उपर्युक्त सम्बन्धमा यस शिवसताक्षी नगरपालिका वडा नं. ११ स्थित दुधे बजारमा विगत केही दिनदेखि अत्यन्त अव्यवस्थित रूपमा फोहोरमैला फ्याँक्ने गरिएको र नगरपालिकाबाट त्यसलाई नियन्त्रण गर्ने वा नियमित रूपमा फोहारमैला उठाएर उचित व्यवस्थापन गर्ने काम नभइरहेको हुनाले सहरी क्षेत्र हुँदै ग्रामीण क्षेत्रमा पनि झाडापखाला जस्तो महाभारी फैलिन थालेको हुँदा त्यसलाई तत्काल व्यवस्थापन गरी हाम्रो सहर र गाउँ दुवैलाई स्वच्छ, सफा र हराभरा राख्ने र नगरपालिकावासीलाई स्वस्थ रहने वातावरण सिर्जना हुने व्यवस्था मिलाइदिनुहुन निवेदन गर्दछु ।

.........................
निवेदक
लक्ष्मी मिश्र
अध्यक्ष
बजार व्यवस्थापन समिति
शिवसताक्षी-११, दुधे बजार, झापा

**बुझिराख्नुहोस् :**

कुनै निश्चित कामका लागि व्यक्तिले वा संस्थाले सम्बन्धित निकायलाई अनुरोध गरी लेखिने औपचारिक चिठीलाई निवेदन भनिन्छ । त्यसको न्यूनतम ढाँचा यस्तो हुन्छ–

**निवेदनको ढाँचा**

१. मिति :

२. सम्बोधन

३. कार्यालय/संस्थाको नाम

४. ठेगाना

५. विषय :

६. महोदय,

७. विषयप्रवेश र सन्देश ....................................................................................................
............................।

(........हस्ताक्षर.......)

८. नाम

९ अन्य विवरण

**माथिको निवेदन पढेर र ढाँचा हेरेर आफ्नो टोलमा बढ्दै गएको होहल्ला, चौरी, डकैती आदि जस्ता क्रियाकलापलाई नियन्त्रण गरिदिन अनुरोध गर्दै टोल सुधार समितिको अध्यक्षका तर्फबाट प्रहरी कार्यालयलाई एउटा निवेदन लेख्नुहोस् ।**



## अभ्यास क्रियाकलाप

**तपाईं एक जना बालक हो, तलको अवस्था आइपर्‍यो भने के गर्नुहुन्छ, आफ्नो विचार प्रस्तुत गर्नुहोस् ।**

तपाईंका बुबा खेतमा जानुभएको छ । तपाईंकी आमा जागिर खान जानुभएको छ । तपाईंको विद्यालयमा मीनपचासको छुट्टी छ । घरमा तपाईं एक्लै हुनुहुन्छ । यस्तैमा दुईतीन जना मान्छे तपाईंका बुबाका टाढाका नातेदार हौं भन्दै आउँछन् । तपाईंले तिनलाई चिन्नुभएको छैन । तपाईंका बुबाले पनि कहिल्यै उहाँहरूका बारेमा कुरा गर्नुभएको छैन । तपाईंले फोन गरेर बुबालाई बोलाउँछु भन्दा 'होइन, पर्दैन' भन्छन् । 'बरु आज यहीँ बास बस्ने हो, हामी पिँडीमा बस्दै गर्छौं, बुबालाई बोलाएर ल्याऊ' भन्छन् ।

**नेहाको ठाउँमा तपाईं हुनुभए के गर्नुहुन्छ, भन्नुहोस् ।**

नेहाको घर पहाडको उकालो बाटाको छेउमा छ । त्यहाँ उनको गोठभरि गाईभैंसीहरू छन् तर पानी लिन भने बेंसी झर्नुपर्छ । बिहान सबेरै गाग्रो लिएर पानी लिन बेंसी झरेर घाम छिप्पिएपछि मात्र घर आइपुगिन्छ । बाटामा हिँड्ने बटुवाहरू प्यास लागेर पानी माग्न आइरहन्छन् ।

**तलको घटनाका आधारमा एउटा कथा भन्नुहोस् :**

- एकलव्यले द्रोणाचार्यसँग धनुर्विद्या सिकाइमाग्नु ।
- द्रोणाचार्यले आफूले राजपरिवारका सदस्यलाई मात्र सिकाउने गरेकाले एकलव्यलाई धनुर्विद्या सिकाउन अस्वीकार गर्नु ।
- एकलव्यले उनै द्रोणाचार्यको मूर्ति बनाएर उनैलाई गुरु थापी उनैका अगाडि धनुर्विद्याको अभ्यास गर्नु ।
- धनुर्विद्यामा पारङ्गत हुनु ।
- स्वाध्ययनबाट पनि शिक्षा प्राप्त गर्न सकिने सन्देश प्राप्त हुनु ।

**तल बैङ्क भौचर, जन्मदर्ता, मृत्यदर्ता, विवाह दर्ता र बसाइँसराइ दर्ताका लागि भर्नुपर्ने फारामको नमुना दिइएको छ । स्थानीय बैङ्क र नगरपालिका वा गाउँपालिकामा यस्ता फाराम पाइन्छन् । तपाईं त्यहाँ जानुहोस् र यस्ता फाराम ल्याई भर्ने अभ्यास गर्नुहोस् । यससम्बन्धी तपाईंको वा अरुको काम पर्दा फाराम भरेर काम पनि गर्नुहोस् /गर्न सहयोग गर्नुहोस् :**

**(क) बैङ्क भौचर : यो बैङ्कमा पैसा जम्मा गर्नका लागि भर्नुपर्छ :**



राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.

नगद जम्मा भौचर
CASH DEPOSIT SLIP
eSewa खाता प्रयोजनको लागी मात्र (For Loading eSewa Wallet)

eSewa
www.esewa.com.np

बैंक शाखा Bank Branch

मिति Date: गते - महिना - साल

खाता नं Account No.: 1 8 2 9 1 6 1 5 0 8 1 3

खातावालाको नाम Account Holder Name: RASTRIYA BANIJYA BANK LTD. -eSewa Account

eSewa ID:
(इसेवा ID भनेको तपाईंको इसेवा रजिष्टर भएको मोबाईल नं वा ई-मेल ID हो)

रकम अंकमा Amount in Figures

अक्षरेपी Total Amount in Words (NRs):
मात्र (Only).

रकमको स्रोत Source of Fund

रु ५००० भन्दा बढि रकम जम्मा गर्नु परेमा प्रयोजन खुलाउनु पर्नेछ ।
(Purpose of eSewa load should be revealed for amount greater than NRs 5,000/-)

☐ हवाई सेवा Airlines ☐ होटल Hotel Booking ☐ स्कूल/कलेज School/College ☐ क्रेडिट कार्ड/ई एम आई/प्रिमियम Credit Card/EMI/Premium ☐ अन्य महशुल भुक्तानी Other Utilities

जम्मा गर्नेको विवरण (Depositor's Detail)

पुरा नाम (Full Name)

मोबाईल (Mobile)

स्व. घोषणा: यो रकम आतंकवाद लागु पदार्थको कारोवार, मानव बेचबिखन र संगठित अपराध लगायतका अवैध स्रोतबाट आर्जन भएको होइन ।

हस्ताक्षर (Signature)

| नगद जम्मा Cash Deposit | |
|---|---|
| नगद विवरण Denomination | रकम Amount |
| 1000x | |
| 500x | |
| 100x | |
| 50x | |
| 20x | |
| 10x | |
| 5x | |
| 2x | |
| 1x | |
| Coins x | |
| जम्मा (Total) | |
| फिर्ता (Less Return) | |
| कुल जम्मा (Grand Total) | |

Validation

Customer Copy

## (ख) जन्मदर्ता : यो बच्चा जन्मेको ३५ दिनभित्र स्थानीय वडा कार्यालयमा गई भरेर बच्चाको जन्मदर्ता गराउनुपर्छ :

❋अनुसूची-२
(नियम ५ सँग सम्बन्धित)
जन्मको सूचना फाराम

---

(सूचकले भर्ने)
श्री स्थानीय पञ्जिकाधिकारी ज्यू,
वडा नं. ............., ................ गा.पा./ न.पा.
.......................... जिल्ला, ..................... प्रदेश

महोदय,

निम्न लिखित विवरण खुलाई नवजात शिशु जन्मेको सूचना दिन आएको छु । कानून अनुसार जन्मको दर्ता गरी पाँऊ ।

१. नवजात शिशुको विवरण

पहिलो नाम ☐ बीचको नाम ☐ थर ☐

First Name ☐ Middle Name ☐ Surname ☐

जन्म मिति: वि.सं. मा (साल-महिना-गते) ☐ ई.सं. मा (गते-महिना-साल) ☐

शिशु जन्मेको ठाउँ : घर ☐ स्वास्थ्य संस्था ☐ अस्पताल ☐ अन्य ☐

लिङ्ग: पुरुष ☐ महिला ☐ अन्य ☐

शिशु जन्मेको ठेगाना

प्रदेश: ☐ गा.पा./न.पा. ☐ वडा नं ☐

विदेशमा जन्मेको भएमा ठेगाना (नेपालीमा: देश, प्रदेश, स्थानीय ठेगाना):

☐

विदेशमा जन्मेको भए ठेगाना (In English: District, Province/State, Local Addresss):

☐

जन्मको किसिम: ☐ एकल ☐ जुम्ल्याहा ☐ तिम्ल्याहा वा सो भन्दा बढी

शिशु जन्मदाको तौल: ग्राममा ................ ☐ थाहा नभएको (तौल नलिएको)

शिशु जन्मदा मद्दत गर्ने व्यक्ति: ☐ डाक्टर ☐ नर्स/अनमी ☐ परम्परागत सुडिनी ☐ तालिम प्राप्त सुडिनी ☐ घरपरिवारका सदस्य ☐ अन्य खुलाउने .....................

अपाङ्गता (भएमा खुलाउने) ☐

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

---

❋ दोस्रो संशोधनद्वारा संशोधित ।

## (ग) मृत्युदर्ता : यो कसैको मृत्यु भएको ३५ दिनभित्र स्थानीय वडा कार्यालयमा गई भरेर मृतकको मृत्युदर्ता गराउनुपर्छ :

*अनुसूची-३
(नियम ५ सँग सम्बन्धित)
मृत्युको सूचना फाराम

(सूचकले भर्ने)
श्री स्थानीय पञ्जिकाधिकारी ज्यू,
वडा नं. ..............., ................. गा.पा./न.पा.
................ जिल्ला, ...................... प्रदेश ।

महोदय,
निम्न लिखित विवरण खुलाई मृत्युको सूचना दिन आएको छु । कानून अनुसार मृत्युको दर्ता गरी पाउँ ।

१. मृतकको विवरण

पहिलो नाम ☐ बीचको नाम ☐ थर ☐
First Name ☐ Middle Name ☐ Surname ☐
परिचय पत्र नं. ☐
लिङ्ग: पुरुष ☐ महिला ☐ अन्य ☐
जन्म मिति: वि.सं. मा (साल-महिना-गते) ☐ ई.सं. मा (गते-महिना-साल) ☐
मृत्यु मिति: वि.सं. मा (साल-महिना-गते) ☐ ई.सं. मा (गते-महिना-साल) ☐
मृत्यु भएको स्थान : घर ☐ अस्पताल ☐ अन्य ☐
मृत्यु चिकित्सकबाट प्रमाणित छ ☐ छैन ☐
यदि छ भने प्रमाणपत्रमा उल्लेख मृत्युको कारण ☐
मृत्यु भएको ठेगाना (विदेशमा भएमा देश र स्थानीय ठेगाना) ☐

२. मृतकको ठेगाना

प्रदेश: ☐ गा.पा./न.पा. ☐ वडा नं ☐
घर नं. ☐ सडक/मार्ग ☐ गाउँ/टोल ☐

३. मृतकको अन्य विवरण

नागरिकता प्रमाणपत्र नं./जारी गर्ने जिल्ला/जारी मिति/परिचयपत्र नं. ☐
विदेशी भएमा राहदानी नं., जारी गर्ने देश र जारी मिति ☐
पूर्व वैवाहिक स्थिति: विवाहित ☐ अविवाहित ☐ विधुवा/विदुर ☐ पारपाचुके ☐ छुट्टिएर बसेको ☐
शैक्षिक स्तर ☐ पेशा ☐ धर्म ☐ जातजाति ☐

* दोस्रो संशोधनद्वारा संशोधित ।

कानून तथा न्याय मन्त्रालय

## (घ) विवाहदर्ता : यो विवाहित जोडीले स्थानीय वडा कार्यालयमा गई भरेर विवाह दर्ता प्रमाण पत्र लिनुपर्छ :

*अनुसूची-४
(नियम ५ सँग सम्बन्धित)
विवाहको सूचना फाराम

*(सूचकले भर्ने)*
श्री स्थानीय पञ्जिकाधिकारी ज्यू,
वडा नं. ..............., ................. गा.पा./न.पा.
............... जिल्ला, ...................... प्रदेश ।

| दुलाहाको फोटो | दुलहीको फोटो |
|---|---|

महोदय,

निम्न लिखित विवरण खुलाई विवाहको सूचना दिन आएको छु । कानून अनुसार विवाह दर्ता गरी पाउँ ।

१. विवाहको विवरण

विवाहको किसिम: सामाजिक परम्परा अनुसार ☐ विवाह दर्ता ऐन, २०२८ अनुसार ☐

मुलुकी देवानी (संहिता) ऐन, २०७४ अनुसार ☐

विवाह भएको मिति: वि.सं मा (साल-महिना-गते) ☐

ई.सं मा (गते-महिना-साल) ☐

विवाह सम्पन्न भएको स्थान

प्रदेश: ☐ गा.पा./न.पा. ☐ वडा नं ☐

मार्ग गाउँ/टोल ☐ घर नं. ☐

विदेशमा विवाह भएमा (नेपालीमा: देश, प्रदेश, स्थानीय ठेगाना)

☐

विदेशमा विवाह भएमा ठेगाना (In English: District, Province/State, Local Address)

☐

२. दुलहा दुलीको विवरण

| | दुलहाको विवरण | दुलहीको विवरण |
|---|---|---|
| **नाम (नेपालीमा)** | | |
| पहिलो नाम | | |
| बीचको नाम | | |
| थर | | |
| **Name (In English)** | | |
| First Name | | |

---

* दोस्रो संशोधनद्वारा संशोधित ।

(ङ) बसाइँसराइ दर्ता : यो बसाइँसराइ भई गएको  स्थानीय वडा कार्यालयमा गई भरेर बसाइसराइ दर्ता प्रमाण पत्र लिनुपर्छ :

*अनुसूची-६
(नियम ५ सँग सम्बन्धित)
बसाई सराईको लगत हस्तान्तरण फाराम

(सूचकले भर्ने)
श्री स्थानीय पञ्जिकाधिकारी ज्यू,
वडा नं. ..............., ................. गा.पा./न.पा.
................ जिल्ला, ...................... प्रदेश ।

महोदय,

म सूचक श्री/श्रीमती/सुश्री ......................................, जन्म मिति .........................., ना.प्र.नं. ................... भएको व्यक्ति निम्न लिखित विवरण खुलाई बसाइा सराईको सूचना दिन आएको छु । कानून अनुसार बसाइा सराई दर्ता गरी पाऊा ।

१. बसाईं सराई ठेगाना

| विवरण | हालको ठेगाना (Present Address) | | सरी जाने ठेगाना (Migrated Address) | |
|---|---|---|---|---|
| | नेपालीमा | In English | नेपालीमा | In English |
| प्रदेश (Province) | | | | |
| जिल्ला (District) | | | | |
| गाउँपालिका/नगरपालिका (Rural Municipality/ Municipality) | | | | |
| वडा नं (Ward No) | | | | |
| गाउँ/टोल (Village/Alley) | | | | |
| सडक/मार्ग (Road/Street) | | | | |
| घर नं. (House No.) | | | | |

बसाइँ सराईको मिति वि.सं. मा (साल-महिना-गते) [ / / ]

ई.सं. मा (गते-महिना-साल) [ / / ]

बसाइँ सराईको कारण: नोकरी ☐ व्यापार व्यावसाय ☐ घरबास ☐ अध्ययन/शिक्षा ☐

अन्य (खुलाउने ..................)

* दोस्रो संशोधनद्वारा संशोधित ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

## अनुभवमा आधारित क्रियाकलाप


**तलको अनुच्छेद पढ्नुहोस् र कुन सन्दर्भमा लेखिएको हो, वर्णन गर्नुहोस् :**

चारैतिरबाट मानिसहरू आइरहेका छन् । चटक देखाउने छन् । सर्कस पनि देखाइँदै छ । रोटेपिङ र लिङ्गेपिङ गाडिएका छन् । रोटेपिङमा बसेर फनफनी घुम्नेहरू छन् । लिङ्गेपिङमा मच्चिनेहरू पनि छन् । बाटामा जताततै पसलहरू थापिएका छन् । तिनमा नुनदेखि सुनसम्म पाइन्छन् । किन्ने र बेच्नेहरूको भिड छ । मानिसहरू रमाई रमाई यताउता गरिरहेका छन् । केटाकेटी पनि फत्याकफुरुक गर्दै अभिभावकसँग हिँड्दै छन् । दोहोरी गीत गाउने हरू पनि छन् । श्रोता पनि उत्तिकै छन् ।

**एउटा परिवारलाई आदर्श परिवार बनाउका लागि हजुरबुबाको के भूमिका हुनुपर्छ ? एउटा वस्तुपरक अनुच्छेद लेख्नुहोस् ।**

**'मेरो समाज म बनाउँछु' शीर्षकमा एउटा आत्मपरक अनुच्छेद लेख्नुहोस् ।**

**तलको चित्र हेर्नुहोस् र 'मेरो सपनाको नेपाल' शीर्षकमा पाँच मिनेटसम्म बोल्न सकिने एउटा वक्तृता तयार गर्नुहोस् :**



## स्वप्रेरित क्रियाकलाप

**वेबसाइटमा खोजेर अथवा पुस्तकमा नै हेरेर 'नेपालको संविधान' पढ्नुहोस् र त्यसमा ज्येष्ठ नागरिकको सुरक्षासम्बन्धी के कस्तो व्यवस्था गरिएको छ ? टिपोट गर्नुहोस् ।**

## स्वमूल्याङ्कन

**यी सामग्रीहरू पढेर मैले निम्नलिखित कुरा सिकेँ :**

(क) ........................................................................

(ख) ........................................................................

(ग) ........................................................................

(घ) ........................................................................

(ङ) ........................................................................

**म अब यस प्रकारका सिर्जनात्मक अभ्यासहरू आफैँ गर्न सक्छु :**

**(क) दिइएका बुँदाहरूका आधारमा छोटो कथा तयार पारी उपयुक्त शीर्षक दिनुहोस् :**

एउटा जङ्गलमा हात्ती र बाँदर सँगै मिलेर बस्ने र सँगै खाने कुरा खोज्ने...... एक दिन "को ठुलो" भन्ने विषयमा झगडा...... लाटोकोसेरोलाई झगडा छिनिदिन अनुरोध...... लाटोकोसेरोले दुवैलाई खोलापारिबाट नरिवल टिपेर ल्याउन लगाउनु...... खोलो तर्दा बाँदर हात्तीको पिठ्युँमा चढ्नु...... खोलो तर्नु...... नरिवलको रूख ज्यादै अग्लो हुनु...... हात्तीले बाँदरलाई नरिवल टिपेर ल्याउन अह्राउनु...... बाँदरलाई नरिवल बोक्न अप्ठ्यारो हुनु...... हात्तीले मुखमा च्याप्नु...... लाटोकोसेरोले नरिवल कसरी ल्यायौ भनी सोध्नु...... दुवैले समान कार्य गरेकाले दुवै आआफ्ना काममा ठुला छौ भनी लाटोकोसेरोले बताउनु...... पहिलेजस्तै मिली जङ्गलमा बस्न थाल्नु ।

**(ख) दिइएका बुँदाहरूका आधारमा छोटो जीवनी तयार पार्नुहोस् :**

**नाम :** बाबुराम आचार्य

**जन्ममिति :** वि. सं. १९४४ चैत्र

**जन्मस्थान :** काठमाडौँको गौचर

**पिता :** धर्मदत्त आचार्य

» काठमाडौँ र बनारसमा गणित, धर्मशास्त्र र व्याकरणको अध्ययन, अङ्ग्रेजीको स्वाध्ययन,

» वि. सं. १९६७ देखि इतिहासको खोजमा तल्लीन,

» राजा त्रिभुवनबाट २००८ सालमा इतिहास शिरोमणिको पदले विभूषित,

» २०२० सालमा त्रिभुवन पुरस्कार प्राप्त,

» निरन्तरको खोज र अध्ययनले गर्दा आँखाको ज्योति गुमाएका,

**कृतिहरू :** तुलनात्मक सुन्दर काण्ड, पुराना कवि र कविता, नेपालको सङ्क्षिप्त वृत्तान्त, श्री ५ बडा महाराजाधिराज पृथ्वीनारायण शाह, अन्तरिक्ष विज्ञान,


» इतिहासको खोजमा तीव्र रूचि, आनो सम्पत्ति र आँखासमेत यसै क्षेत्रको खोजमा समर्पित, अथक साधक, असाधारण स्मरणशक्ति, भाषा, साहित्य र इतिहासका अनन्य सेवक,

» वि. सं. २०२९ भाद्रमा ८५ वर्षको उमेरमा मृत्यु ।

**(ग) 'मेरो देश, मेरो स्वर्ग' शीर्षकमा एउटा अनुच्छेद लेख्नुहोस् ।**

**(घ) 'विविधतामा एकता, नेपाली समाजको विशेषता' शीर्षकमा ३०० शब्दसम्मको एउटा निबन्ध लेख्नुहोस् ।**

**(ङ) तलको चित्र हेरेर 'सुन्दर प्रकृति' शीर्षकमा एउटा कविता लेख्नुहोस् ।**



**म अब यस प्रकारका प्रश्नका लामा उत्तरहरू लेख्न पनि सक्छु :**

(क) 'यो नेपाली शिर उचाली' गीतमा नेपाल र नेपालीप्रति कस्तो गौरव बोध गरिएको छ ?

(ख) डा. सन्दुक रुइतलाई किन विश्वका आखाको ज्योति भनिएको हो ?

(ग) रुखमा पैसा फल्छ भनेको के रहेछ ?

(घ) संसारको सबैभन्दा ठुलो मान्छे को हो ?

**म अब यस प्रकारका व्याकरणात्मक प्रश्नका उत्तरहरू लेख्न पनि सक्छु :**

(क) तलका शब्दहरूबाट नाम, सर्वनाम, विशेषण र क्रियापद छुट्याउनुहोस् :

हरि, रातो, आऊ, तिमी, मिहिनेती, हिमाल, आए, म

(ख) कोष्ठमा दिइएका उपयुक्त शब्द छानी खाली ठाउँ भर्नुहोस् :

(अ) 'नेत्र' र 'नयन' दुवै ..............का पयार्यवाची शब्द हुन् । (मुख, निधार, आँखा)

(आ) ......................... विपरीतार्थक शब्द हुन् । (खट-खत, अघि-पछि, घर-घर)

(इ) 'खाक-खाग' ............... शब्द हुन् । (पयार्यवाची, श्रुतिसमभिन्नार्थक, विपरीतार्थक)

(ई) ..................... लघुतावाचक शब्द हो । (पित्को, कान, बत्ती)

(ग) कोष्ठकमा दिइएका सङ्केतका सहायताले वाक्य परिवर्तन गर्नुहोस् :

(अ) छोरी दही खान्छे । (अपूर्ण वर्तमान)

(आ) बुबा हाम्रो विद्यालय आउनुभएको हुने छ ।(सामान्य भविष्यत्)

(इ) जीवन खोलामा पौडी खेल्छ । (पूर्ण भूत)

(ई) किसानहरू धेरै मिहिनेत गर्छन् । (सम्भावनार्थ)

(उ) ऊ आज आउँछ । (इच्छार्थ)

**म अब दैनिक जीवनमा प्रयोग हुने यस प्रकारका सबै खाले भाषिक प्रकार्यहरूको उपयुक्त प्रयोग गर्न सक्छु :**

(क) तपाईं हजुरबुबालाई खाना खान बोलाउँदा कसरी बोलाउनुहुन्छ ?

(ख) तपाईं कुनै औपचारिक कार्यक्रमको थालनी गरी सभाध्यक्षको आसन ग्रहण कसरी गराउनुहुन्छ ?

(ग) तपाईं घरमा आएका विशिष्ट पाहुनाहरूको स्वागत कसरी गर्नुहुन्छ ?

(घ) तपाईं दुई छिमेकीबिचको झगडा हुँदा के भनेर सम्झाउनुहुन्छ ?

(ङ) तपाईं छिमेकी काकीको एक मात्र छोराको असामयिक निधन हुँदा काकीलाई कसरी सान्त्वना दिनुहुन्छ ?

**म अब यस प्रकारका समस्यामुखी प्रश्नहरूको पनि उपयुक्त उत्तर खोज्न सक्छु :**

(क) संसारमा यदि मान्छेको जन्म मात्र हुन्थ्यो र मृत्यु हुँदैनथ्यो भने यो पृथ्वी कस्तो हुन्थ्यो होला ?

(ख) तपाईंबाट कसैले ऋण लियो तर नतिरी भाग्यो, ऊ अहिले कुनै सम्पर्कमा छैन । यस्तो अवस्थामा तपाईं के गर्नुहुन्छ ?

(ग) कुनै सन्तानले आफ्नी बुढी आमालाई एकान्त ठाउँमा लगेर छोडी भागेछ, ती आमा तपाईंसँग सहयोग माग्दै छिन्, अब तपाईं के गर्नुहुन्छ ?

**म अब यस प्रकारका समस्यामुखी प्रश्नहरूको पनि उपयुक्त उत्तर खोज्न सक्छु :**

१. .........................................................................................

२. .........................................................................................

३. .........................................................................................

४. .........................................................................................

५. .........................................................................................

६. .........................................................................................

७. .........................................................................................

८. .........................................................................................

९. .........................................................................................

१०. .........................................................................................

# मूल्याङ्कन योजना

| सक्षमता | सिकाइ उपलब्धि | मूल्याङ्कन सूचक | स्तर |
|---|---|---|---|
| भाषिक प्रकार्यको उपयोग तथा अन्तर क्रिया | मौखिक निर्देशन र उद्घोष गरेका सूचना बुझेर कार्य गर्न | विभिन्न माध्यमबाट व्यक्त मौखिक निर्देशन बुझेमा<br>विभिन्न माध्यमबाट व्यक्त मौखिक निर्देशन बुझेर कार्य गर्न सके मा<br>मौखिक निर्देशन र उद्घोष गरेका सूचना बुझ्न सकेमा<br>मौखिक निर्देशन र उद्घोष गरेका सूचना बुझेर सोअनुसार कार्य गर्न सकेमा | १<br>२<br>३<br>४ |
| | दैनिक क्रियाकलाप सम्बन्धी साधारण संवाद गर्न | तोकिएको व्यक्तिसँग संवाद गरेमा<br>तोकिएको व्यक्तिसँग निर्धारित विषयमा संवाद गरेमा<br>तोकिएको व्यक्तिसँग सामान्य शब्द प्रयोग गरी साथी वा समूहमा संवाद गर्न सकेमा<br>अनुभव तथा तोकिएको व्यक्तिसँग आधारित विषायवस्तुमा सन्दर्भ र परिवेश मिलाएर संवाद गरेमा | १<br>२<br>३<br>४ |
| | आफ्ना अनुभव र विचार लाई लिखित रूपमा प्रस्तुत गर्न | छोटो अनुच्छेद पढेर अर्थ लेखेमा<br>छोटो अनुच्छेद पढेर आफ्नो भाषामा लेख्न सकेमा<br>कुनै व्यावहारिक विषयमा आफ्ना विचार लेख्न सकेमा<br>कुनै शीर्षकमा आफ्ना विचार अनुच्छेदमा लेखेर व्यक्त गर्न सके मा | १<br>२<br>३<br>४ |
| | आफ्ना विचार शुद्धसँग अनुच्छेदमा लेखी व्यक्त गर्न र दैनिक व्यावहारिक जीवनमा प्रयोग हुने सामान्य निवेदन, जन्म मृत्यु दर्ता जस्ता आवेदन फाराम भर्न | आफ्ना विचार शुद्धसँग अनुच्छेदमा लेख्न सकेमा<br>आफ्ना विचार शुद्धसँग अनुच्छेदमा लेखी व्यक्त गर्न सकेमा<br>दैनिक र व्यावहारिक जीवनमा प्रयोग हुने साधारण कागजातका बारेमा जानकारी लिन र दिन सकेमा<br>दैनिक व्यावहारिक जीवनमा प्रयोग हुने सामान्य कागजातहरू - निवेदन, बैंक भौचर, जन्म मृत्यु दर्ता, र बसाइ सराइँका फारामहरू भर्न सकेमा | १<br>२<br>३<br>४ |

तह

# ३

भाषा र संचार

व्यावहारिक समस्या र समाधान

सामाजिक व्यवहार र मूल्यमान्यता

जीवन जगत् र प्रविधि

स्वस्थ जीवनशैली र सिर्जनशीलता

## जीवन शिक्षा : शिक्षाको वैकल्पिक बाटो

अनौपचारिक तथा वैकल्पिक शिक्षा समकक्षताको लागि
तयार गरिएको नमुना सिकाई सामग्री